# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २८६ | काठमाडौं | शनिबार, ०२ फागुन २०८२ | Prabhab National Daily | Saturday, 14 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी बनौं ।**

- प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते बिहिबार हुँदैछ ।
- मतदान विहान ७:०० देखि साँझ ५:०० बजेसम्म हुनेछ ।
- निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मतको प्रयोग गरौं ।
- निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित बनाउन सबै पक्षबाट सहयोग गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## अदालतले रोक्यो 'डोल्मा इम्प्याक्ट फण्ड'को पुँजीगत लाभकर छुट

"सवोच्चको आदेश- आन्तरिक राजस्व विभागले गत असोज २८ गते डोल्मा इम्प्याक्टबाट 'फण्ड-१' नेपालमा सेयर लगानी गरी सोको बिक्रीबाट आर्जित पुँजीगत लाभकर कट्टी गर्न नपर्ने व्यहोराको सिडिएस एण्ड क्लियरिङ लिमिटेडलाई प्रेषित गर्ने भनी भएको निर्णय प्रस्तुत रिट निवेदनलाई टुंगो नलागेसम्म कार्यान्वयन नगर्नू/नगराउनू

dolma impactfund

**काठमाडौं (प्रस)**– सर्वोच्च अदालतले वैदेशिक लगानीकर्ता 'डोल्मा इम्प्याक्ट फण्ड' लाई पुँजीगत लाभकरमा छुट दिने आन्तरिक राजस्व विभागको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको छ । न्यायाधीशद्वय महेश शर्मा पौडेल र बालकृष्ण ढकालको संयुक्त इजलासले बुधबार उक्त कम्पनीलाई पुँजीगत लाभकरमा छुट दिने आन्तरिक राजस्व विभागको निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको हो ।

नेपालमा १६ वटा कम्पनीमा लगानी गरेको डोल्मा इम्प्याक्ट फण्डलाई कर छुट दिने निर्णय तत्कालका लागि कार्यान्वयन नहुने भएको छ । आदेशमा भनिएको छ, 'आन्तरिक राजस्व विभागले गत असोज २८ गते डोल्मा इम्प्याक्टबाट 'फण्ड-१' नेपालमा सेयर लगानी गरी सोको बिक्रीबाट आर्जित पुँजीगत लाभकर कट्टी गर्न नपर्ने व्यहोराको सिडिएस एण्ड क्लियरिङ लिमिटेडलाई प्रेषित गर्ने भनी भएको निर्णय प्रस्तुत रिट निवेदनलाई टुंगो नलागेसम्म कार्यान्वयन नगर्नू/नगराउनू ।'

प्रचलित आयकर ऐन, २०५८ को दफा ७३ उपदफा (५) ले सन्धिका पक्ष राष्ट्रका बासिन्दाको ५० प्रतिशतभन्दा बढी स्वामित्व नभएको निकायले कर छुटको सुविधा नपाउने व्यवस्था छ । उक्त कानुनी व्यवस्थाअनुसार डोल्मा इम्प्याक्ट फण्डको हकमा यो सर्त पूरा नभएको र उसले लाभकर तिर्नुपर्ने देखिएको आदेशमा उल्लेख गरिएको छ ।

भेषराज लुइँटेलले उक्त फण्डलाई कर छुटसम्बन्धी पत्र तथा सोसँग सम्बन्धित कामकारबाही कार्यान्वयन नगर्नू/नगराउनू, कर नकटाई रकम विदेश पठाउने स्वीकृति प्रदान नगर्नू भनी आदेशको माग गर्दै रिट निवेदन दायर गरेका थिए ।

गत कात्तिक १२ गते बसेको मन्त्रिपरिषद् बैठकले मोरिससससँगको दोहोरो करमुक्ति सम्झौता खारेज गर्ने निर्णय गरेको थियो । सन् १९९९ अक्टोबर ३ मा नेपाल र मोरिससबीच दोहोरो कर मुक्तिको सन्धि भएको थियो । सरकारले त्यही डोल्मा फण्डलाई कर छुट दिन त्यही सन्धिको सहारा लिएको थियो ।

# बंगलादेशमा तारिकको उदय

## निर्वासनबाट फर्किएका तारिक प्रधानमन्त्री बन्ने निश्चित

- बंगलादेशकी पहिलो महिला प्रधानमन्त्री खलिदा जियाका छोरा हुन् तारिक रहमान
- तारिकका बुवा जियाउर रहमान बंगलादेशका छैटौं राष्ट्रपति हुन् जसको सन् १९८१ मा हत्या भएको थियो
- बुवाको हत्यापछि बिएनपीमा लागेका तारिक सन् २००७ मा भ्रष्टाचारको आरोपमा पक्राउ परेका थिए, राजनीतिबाट टाढा रहने सर्तमा तारिक जेलमुक्त भए । त्यसपछि सन् २००८ बेलायत निर्वासनमा गएका उनी गत डिसेम्बर २५ मा बंगलादेश फर्केका हुन्
- तारिक फर्केको पाँचौं दिनमा उनकी आमा खलिदाको निधन भयो । बिएनपीले गत जनवरी ९ मा तारिकलाई पार्टी अध्यक्षमा मनोनीत गरेसँगै उनी प्रधानमन्त्रीका उम्मेदवार बनेका थिए
- आइतबार उनै तारिक रहमानको नेतृत्वमा बहुमत ल्याएको बिएनपीले नयाँ सरकार गठनको तयारी थालेको छ



■ **प्रभाव संवाददाता**

काठमाडौं- बंगलादेश नेसनलिस्ट पार्टी (बिनएनपी)का अध्यक्ष तारिक रहमान गत डिसेम्बर २५ मा बंगलादेश आएका थिए । आमा खालिदा जिया बिरामी भएपछि १७ वर्षे निर्वासन जीवन छाडेर तारिक बेलायतबाट बंगलादेश फर्केका थिए ।

रहमान देश फर्कंदा उनलाई निर्वासनमा पठाउने सरकारका प्रधानमन्त्री शेख हसिना भारत भागिसकेकी थिइन् । सन् २०२४ को जुलाईदेखि अगस्टसम्म भएको जेन-जी विद्रोहले हसिनालाई सत्ताच्युत गरेको थियो । मोहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार गठन गरेर निर्वाचन तोकिएसँगै तारिक ढाका फर्केको पाँचौं दिन डिसेम्बर ३० मा उनकी आमा जियाको निधन भयो । त्यसपछि बिएनपीले गत जनवरी ९ मा पार्टीको कमाण्ड तारिकलाई दियो ।

उनै तारिकको नेतृत्वमा रहेको बिएनपीले बंगलादेशमा बिहीबार भएको आमनिर्वाचनमा दुईतिहाइ बहुमत ल्याएको छ । त्यहाँको समाचार संस्था द डेली स्टारका अनुसार २९९ सिटका लागि भएको निर्वाचनमा बिएनपीले २१२ सिट जितेको हो ।

जमात-ए-इस्लामी र ११ वटा विभिन्न दल गठबन्धन गरी लडेको समूहले ७७ सिटमा जित निकालेको छ । यसअघिका प्रधानमन्त्री हसिनाको सत्ताच्युत गर्न प्रमुख भूमिका खेलेका विद्यार्थी र युवाको नेतृत्वमा स्थापना भएको नेसनल सिटिजन पार्टी (एनसिपी)ले भने पाँच सिटमा जित निकालेको छ । एनसिपीले ३० सिटमामात्र प्रतिस्पर्धा गरेको थियो ।

एनसिपीले जमात-ए-इस्लामीसँग गठबन्धन गरेको कारण त्यहाँका कतिपय मतदाता भड्किएको र ती मत बिएनपीलाई गएको विश्लेषण गरिएको छ । जहनगिरनगर युनिभर्सिटीका प्राध्यापक शेख अहमदले अलजजिरासँग भनेका छन्, 'एसीपीले जमातसँग गठबन्धन गर्नले युवा मतदाता विभाजित भए र बढीजसोले बिएनपीलाई सघाए । यसले बिएनपी निकै बलियो देखियो ।'

बिएनपीले बहुमत ल्याएसँगै यस पार्टीका अध्यक्ष तारिक प्रधानमन्त्री बन्ने भएका छन् । रहमान बंगलादेशकी पहिलो महिला प्रधानमन्त्री खलिदा जियाका छोरा हुन् । उनले यो निर्वाचनमा दुई स्थानबाट निर्वाचन जितेका छन् । रहमानले ढाका-१७ र बोगुरा-६ बाट निर्वाचन जितेका हुन् ।

रहमान बंगलादेशी राजनीतिमा तारिक जियाको नामले पनि चिनिन्छन् । सन् १९६७ मा जन्मिएका तारिकका बुबा जियाउर रहमान सेनाका कमाण्डर थिए । सन् १९७५ को विद्रोहपछि जियाउर बंगलादेशका छैटौं राष्ट्रपति बन्न सफल भए ।

क्रमशः पृष्ठ २ मा

### आइतबार नयाँ सरकार गठन

बिएनपीले आइतबार नयाँ सरकार गठन गर्ने जनाएको छ । बिएनपीका महासचिव मिर्जा फखरुल इस्लाम अलम्गीरका अनुसार प्रधानमन्त्री अध्यक्ष तारिक रहमान बन्ने छन् । 'अब बिएनपीको सरकार बन्छ । नयाँ सरकार फेब्रुअरी १५ मा बन्ने छ । बिएनपी सबै दलसँगै संसदमा जाने छ,' अलम्गीरले सञ्चारमाध्यमहरूलाई भनेका छन् ।

बंगलादेशमा ३५० सदस्यीय संसद् हुन्छ । यसमा ५० सदस्य भने आरक्षित सिट हो । ३०० सिटका लागि बिहीबार मतदान तोकिएको थियो । जसमा एक सिटमा भने उम्मेदवारको निधनका कारण मतदात हुन नसकेको बंगलादेशको निर्वाचन आयोगले जनाएको छ । आरक्षित सिट महिलाहरूको लागि हो ।

क्रमशः पृष्ठ २ मा

### हसिनाको सरकार ढालेको विद्रोहीको हार

शेख हसिनाको १५ वर्षे शासन अन्त्य गराउने गरी आन्दोलन गरेका विद्यार्थीहरूद्वारा गठित राजनीतिक दल नेसनल सिटिजन पार्टी (एनसिपी)ले ३० सिटमा उम्मेदवार उठाएकोमा जम्मा पाँच सिटमात्र जितेको छ । विद्रोही विद्यार्थीको नेतृत्वमा रहेको एनसिपीले चुनावमा जमात-ए-इस्लामीसँग गठबन्धन गरेको थियो ।

त्यही नै यसको असफलताको प्रमुख कारण रहेको राजनीतिक विश्लेषकहरूले बताएका छन् । विद्यार्थी आन्दोलन मुख्यतया समावेशी र लोकतान्त्रिक मूल्यमान्यतामा आधारित थियो, तर कट्टरपन्थी जमातसँगको गठबन्धनले पार्टीका मतदाताहरूलाई रुष्ट पारेको र उनीहरू पूर्वप्रधानमन्त्री जियाको बीएनपीतर्फ लागेको बताइएको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# फ्रि-भिसा, फ्रि-टिकटः चुनावी नारा, कार्यान्वयनमा उदासीनता

■ **प्रभाव संवाददाता**

**काठमाडौं**– जनता समाजवादी पार्टी (जसपा) नेपालले आफ्नो चुनावी घोषणापत्रमा वैदेशिक रोजगारीमा जानेहरूका लागि 'फ्रि-भिसा, फ्रि-टिकट'को नीति अघि सारेको छ । आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि शुक्रबार घोषणापत्र सार्वजनिक गर्दै जसपाले वैदेशिक रोजगारीलाई प्राथमिकतामा राखेको हो ।

जसपाले आफ्नो घोषणापत्र राखेका कार्यक्रममा वैदेशिक रोजगारीलाई चौथो नम्बरमा राखेको छ । रोजगारीको खोजीमा विदेसिनु व्यक्तिको रहर नभई बाध्यता भएको उल्लेख गर्दै यस क्षेत्रका लागि चारवटा कार्यक्रम समावेश गरेको छ । जसमा वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरूको सुरक्षित रोजगारीको व्यवस्था गरिने भनिएको छ । त्यस्तै, रोजगारीमा जाने व्यक्तिलाई फ्रि-भिसा, फ्रि-टिकटको नीति लागू गरिने, रोजगारीमा गएका श्रमिकको सुरक्षाको प्रत्याभूति गरिने र रोजगारीबाट फर्किएकाका लागि सिकेको सीपको आधारमा स्वदेशमै रोजगारीको प्रबन्ध गरिने भनिएको छ ।

आन्तरिक रोजगारीको प्रत्याभूति नभएसम्म वैदेशिक रोजगारीमा जाने नागरिकको सीप विकास, प्रशिक्षण तथा रोजगारीमा जाँदाको आवश्यक खर्चको उचित व्यवस्थापन रोजगारदाताबाट सुनिश्चित गरिनुपर्ने घोषणापत्रमा उल्लेख गरिएको छ । साथै, प्राप्त रेमिटचान्सलाई औपचारिक बैंकिङ प्रणालीबाट भित्र्याउनुपर्ने पनि भनिएको छ । यसको महत्त्वपूर्ण अंश श्रमिकको विकास र संरक्षणमा खर्च हुनुपर्नेमा जसपा नेपालले जोड दिएको छ ।

त्यस्तै, शुक्रबार नै सार्वजनिक प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा)को घोषणापत्रमा वैदेशिक रोजगारीका विषयलाई समेटेको छ । जसपाको जस्तो वैदेशिक रोजगारीका क्षेत्रमा कार्यक्रम नै सार्वजनिक नगरे पनि मुलुकको अर्थतन्त्र र राष्ट्रियता धराशायी हुँदा युवाहरू विदेसिन बाध्य भएको आजपाले औंल्याएको छ ।

हाल ४० लाखभन्दा बढी युवा जनशक्ति वैदेशिक रोजगारीमा रहेको बताइन्छ । पछिल्लो आर्थिक वर्षको तथ्यांक हेर्दा वैदेशिक रोजगारीबाट १७ खर्बभन्दा बढी रेमिटचान्स भित्रन थालिसकेको छ ।

क्रमशः पृष्ठ २ मा




### चुनावी फण्डामात्रै होः श्रमविज्ञ

'फ्रि-भिसा, फ्रि-टिकट'को नीति दशौं वर्षसम्म कार्यान्वयन नहुँदा केही नबोल्ने राजनीतिक दलहरूले चुनावको घोषणापत्रमा यस्ता विषय राख्नु फण्डामात्र भएको विज्ञको भनाइ छ । पैसा नभएकै कारण कमाउनका लागि विदेसिन लागेकाहरू ऋणको पासोमा नपरुन् भनेर ल्याइएको नीति पटक्कै कार्यान्वयन नहुँदा दलहरू नबोलेको श्रमविद् रामेश्वर नेपालको टिप्पणी छ ।

'जब चुनाव आयो घोषणापत्रमा मात्र राख्ने नभई फ्रिमा पठाइदिन्छु पनि भन्ने गरिएको छ । अहिले उहाँहरूले घोषणापत्रमा लेख्नु पनि चुनावी फण्डा नै हो,' नेपालले भने, 'किनभने अहिलेसम्म भएको नीति नै कार्यान्वयन नहुँदा के गरेर बस्नुभयो त ? यो एउटा पक्षलाई मात्र भन्न खोजिएको होइन तर चुनावको बेलामा मात्र यो विषय ल्याउनु पपुलारिजममात्र हो ।'

श्रमिक वर्गका लागि एकदमै आवश्यक भएर पनि पटक्कै कार्यान्वय नहुनु दुःखद भएको उनको भनाइ छ । दलहरूले यसपटकको घोषणाचाहिँ कार्यान्वयन गर्नुपर्ने उनले बताए ।

# दैनिक १२ देखि १५ लाख मतपत्र छपाइ

## आइतबारसम्म छपाइ सकिने जानकारी

■ **प्रभाव संवाददाता**

**भक्तपुर**– आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक मतपत्र छपाइ अन्तिम चरणमा पुगेको छ । जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले मतपत्र छपाइ गरिरहेको छ ।

केन्द्रका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले दैनिक १२ देखि १५ लाख मतपत्र छपाइ भइरहेको र आइतबारसम्म सबै छपाइ सम्पन्न हुने जानकारी दिए । उनले भने, 'शुक्रबार बिहानसम्ममा छ प्रदेशको मतपत्र छपाइ सम्पन्न गरेर बागमती प्रदेशका लागि आवश्यक मतपत्र छपाइ सुरु गरेका छौं । कूल दुई करोड तीन लाख मतपत्र छपाइ गर्नुपर्नेमा एक करोड ७३ लाख मतपत्र छपाइ सम्पन्न भएको छ । आइतबारसम्म बाँकी ३० लाख मतपत्र छपाइ गरेसँगै सबै मतपत्र छपाइ सम्पन्न हुने छ ।'

उम्मेदवार धेरै भएका जिल्लामा ठूलो आकारको र थोरै उम्मेदवार भएको जिल्लामा सानो मतपत्र छाप्नुपर्ने हुँदा छपाइमा केही दिन ढिला भएको जानकारी दिँदै प्रबन्ध निर्देशक पौडेलले छपाइ सकिएका जिल्लाका लागि नेपाली सेनामार्फत मतपत्र ढुवानी सुरु गरिएको बताए ।

केन्द्रले छपाइ सम्पन्न गरेका १० लाख नमूना मतपत्र निर्वाचन आयोगले विभिन्न ठाउँमा पुर्‍याइसकेको छ भने दुई करोड आठ लाख ३० हजार समानुपातिकतर्फको मतपत्र छपाइ गरी जिल्ला जिल्लामा ढुवानी सुरु भइसकेको छ । केन्द्रका अनुसार कर्णाली प्रदेशका सल्यान, रुकुमपश्चिम, डोल्पा, मुगु, हुम्ला, कालीकोट, जुम्ला, जाजरकोट, दैलेख र सुर्खेतका निर्वाचन क्षेत्रमा मतपत्रको ढुवानी सकिएको छ ।

क्रमशः पृष्ठ २ मा





शुक्रबार बिहानसम्ममा छ प्रदेशको मतपत्र छपाइ सम्पन्न गरेर बागमती प्रदेशका लागि आवश्यक मतपत्र छपाइ सुरू गरेका छौं । कूल दुई करोड तीन लाख मतपत्र छपाइ गर्नुपर्नेमा एक करोड ७३ लाख मतपत्र छपाइ सम्पन्न भएको छ । आइतबारसम्म बाँकी ३० लाख मतपत्र छपाइ गरेसँगै सबै मतपत्र छपाइ सम्पन्न हुने छ ।


**यदुनाथ पौडेल**
प्रबन्ध निर्देशक, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

## पृष्ठ १ बाट क्रमशः

### बंगलादेशमा...

त्यही वर्ष बंगलादेशका संस्थापक नेता र शेख हसिनाका बुबा शेख मुजिबुर रहमानको हत्या भयो । यो घटनाले जिया र हसिना परिवारबीच स्थायी राजनीतिक द्वन्द्व निम्त्यायो, जसलाई सामान्यतया 'बेगमहरूको युद्ध' भनेर चिनिन्छ । तारिक १५ वर्षको हुँदा उनका बुवा जियाउरको हत्या भएको थियो । पछि जिया प्रधानमन्त्री बनिन् । यहीबीचमा जिया र हसिनाको निरन्तर शक्ति संघर्ष हुन थाल्यो । जिया र हसिनाले झण्डै ३५ वर्ष शासनको नेतृत्व गरे । तारिक २३ वर्षको उमेरमा सक्रिय राजनीतिमा प्रवेश गर्नुअघि ढाका विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्ध अध्ययन गरेका थिए ।

त्यसपछि उनी सैन्य शासक हुसेन मुहम्मद एरसादविरुद्ध आन्दोलनका क्रममा बिएनपीमा सामेल भए । लगत्तै २००७ मा तारिक भ्रष्टाचारको आरोपमा पक्राउ परे । २००८ मा शेख हसिना सत्तामा फर्किएपछि ठूलो संख्यामा बिएनपी नेता तथा कार्यकर्तालाई जेल परे । अनि राजनीतिबाट टाढा रहने सर्तमा तारिकलाई रिहा गरियो । जेलमुक्त भएपछि उनी सन् २००८ मा उपचारका लागि भन्दै लण्डन गए र बंगलादेश फर्केनन् ।

पछि २०१८ मा तारिक रहमानलाई २००४ मा हसिनाको र्‍यालीमा आक्रमण गर्ने षड्यन्त्र गरेको आरोपमा उनको अनुपस्थितिमा आजीवन कारावासको सजाय सुनायो । तर विद्यार्थी आन्दोलनका कारण तत्कालीन प्रधानमन्त्री शेख हसिना सन् २०२४ अगस्ट ५ मा देशै छाडेर भारतको शरणमा गएपछि रहमान बंगलादेशी राजनीतिमा उदाएका हुन् ।

१७ वर्षको निर्वासनपछि तारिक रहमान गत डिसेम्बर २५ स्वदेश फर्किएका थिए । त्यसको पाँच दिनपछि नै बिरामी आमा जियाको निधन भएपछि उनी बिएनपी अध्यक्ष बनेका हुन् । जियाको ८० वर्षको उमेरमा डिसेम्बर ३० मा निधन भएको हो ।

■■■

### आइतबार...

यो दलले प्रत्यक्षमा जितेको सिटको आधारमा बाँडफाँट हुने त्यहाँको निर्वाचन आयोगले जनाएको छ । यसरी हेर्दा सबैभन्दा बढी सिट बिएनपीकै भागमा पर्ने देखिएको छ । जसले तारिकलाई नयाँ सरकार बनाउन सहज हुने भएको छ । तारिक रहमानलाई नातावादको आरोप भने लागिसकेको छ । पूर्वराष्ट्रपति र पूर्वप्रधानमन्त्रीका छोरा रहमानले सरकारको नेतृत्वमा आफ्नो क्षमता कसरी देखाउँछन् ? त्यहीअनुसार उनको खुबी देखिने बंगलादेशका युवाहरूले बताएका छन् ।

रहमानले भने आफूले लिगेसी नछाड्ने र सक्दो राम्रो गर्ने बताएका छन् । 'उहाँहरू उहाँहरू नै हो । म म नै हो । त्यसैले उहाँहरूले भन्दा म राम्रो गर्ने प्रयास गर्ने छु,' समाचार संस्था एएफपीसँग रहमानले भनेका छन् । यो सरकारलाई नयाँ दलहरूबीच भएको सहमतिपत्र 'जुलाई च्याप्टर' कार्यान्वयन गर्नुपर्ने चुनौती सुरु भएको छ । जुलाई च्याप्टरमा बंगलादेशका कतिपय नीतिहरू परिवर्तन गर्नुपर्ने विषयमा युनुस नेतृत्वको सरकारमा राजनीतिक दलहरूले सहमति गरेका छन् ।

■■■

### हसिनाको...

हारपछि एनसिपीले चुनावमा धाँधली भएको आरोप लगाइरहेको छ । कतिपय ठाउँमा आफ्ना नेताहरूमाथि आक्रमण सुरु भएकोसमेत एनसिपीले जनाएको छ । एनसिपीका प्रवक्ता आसिफ महमुद सोजिब भुइयानले पत्रकार सम्मेलन गरेर ढाका-१३, १५, १६ र १७ जस्ता सिटको नतिजामा धाँधली गरिएको आरोप लगाएका हुन् ।

यद्यपि शेख हसिनाविरुद्धको विद्रोहमा संलग्न एनसिपी नेता नाहिद इस्लामले भने चुनाव जितेका छन् । उनले पनि केवल २ हजार ३९ मतान्तरले ढाका-१५ मा बीएनपीका उम्मेदवार एमए कय्युमलाई हराएका हुन् । विजयी इस्लामले ९३ हजार ८७२ मत प्राप्त गरे भने एमए कय्युमले ९१ हजार ८३३ मत ल्याएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

बिएनपीले निर्वाचन जितेपछि विभिन्न आकर्षक कार्यक्रमहरू अघि सार्ने घोषणा यसअघि गरेको थियो । जसमा गरिबी र बेरोजगार महिलाहरूलाई मासिक भत्ता दिने घोषणा गरेको थियो । यसका लागि फेमिली कार्ड बनाउने बिएनपीले तयारी गरेको छ । बंगलादेशको विभिन्न अध्ययनले यहाँ चार करोडभन्दा बढी मानिस गरिबीको रेखामुनि छन् ।

त्यसैगरी नौ लाखभन्दा बढी युवाहरूलाई डिजिटल इनोभेसन र युवा उद्यमी शीर्षकमा रोजगारी दिइने जनाएको छ । बिएनपीले भारत निर्वासनमा रहेकी पूर्वप्रधानमन्त्री हसिनालाई सुपुर्दगी गरी देश झिकाउने नीतिसमेत लिएको छ । हसिनाको नेतृत्वमा सरकार रहेको बेला जेन-जी विद्रोहमा बंगलादेशमा एक हजार ४०० जना मारिएका थिए । युनुस नेतृत्वको अन्तरिम सरकारले भारतसँग हसिनालाई चाँडो सुपुर्दगी गर्न माग गरे पनि भारतले कुनै प्रतिक्रिया दिएको छैन ।

■■■

### फ्रि-भिसा...

धमाधम घोषणापत्र सार्वजनिक गरिरहेका दलहरूले मुलुकको अर्थतन्त्रको मेरुदण्ड बनेको वैदेशिक रोजगारीका मुद्दालाई घोषणापत्रमा राख्ने अनुमान गर्न सकिन्छ । तर चुनावपछि भने यो क्षेत्रका समस्या समाधानमा आवश्यक काम गरेको पाइँदैन ।

दलहरूले चुनावमा भन्ने गरेको फ्रि-भिसाको नीतिलाई तत्कालीन श्रम राज्यमन्त्री टेक बहादुर गुरुङले २०७२ असार २२ गतेबाट कार्यान्वयनमा ल्याएका थिए । तर अहिले पनि ९५ प्रतिशतभन्दा बढी कामदार म्यानपावर र बिचौलियालाई लाखौं तिरेर रोजगारीमा जान बाध्य छन् । त्यस्तै, विदेशबाट भित्रिएको खर्बौं रकमको सही सदुपयोग हुन नसक्दा ७० प्रतिशतभन्दा बढी हिस्सा दैनिकी चलाउन तथा विलासिताका वस्तुमा खर्च हुने गरेको सरकारी अध्ययनले देखाएको छ । वैदेशिक रोजगारीका क्षेत्रमा देखिएका विकृति हटाउन गर्नुपर्ने कामहरू धेरै छन् । यद्यपि, चुनावपछि भने आफैंले प्राथमिकताका साथ गरेका प्रतिवद्धतालाई बेवास्ता गर्ने प्रवृत्ति देखिँदै आएको छ ।

■■■

### दैनिक १२...

५८ जिल्लाका १२४ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न भएर ढुवानी भइरहेको छ । केन्द्रले डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेलधुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुंगा, सुनसरी, ताप्लेजुङ, संखुवासभाको मतपत्र छपाइ सम्पन्न गरिसकेको छ ।

यस्तै, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत, बर्दघाट सुस्तापश्चिम (नवलपरासी), मोरङ, उदयपुर, मुस्ताङ, लमजुङ, तनहुँ, स्याङजा, बर्दिया, रुकुमपूर्व, दाङ, बाँके, नवलपरासी (बर्दघाट सुस्तापूर्व), पाल्पा, अर्घाखाँची, प्यूठान, रूपन्देही, रोल्पा, मनाङ, रामेछाप, सिन्धुली, रसुवा र सिन्धुपाल्चोकको मतपत्रसमेत छपाइ सकिएको केन्द्रले जनाएको छ ।


**कतारमा रोजगार** कम्पनी : ANANA CAFE
पूर्व स्वीकृति मिति : २०८२/११/०१ LT. No. 339026 चलानी नं. ६०२५२४८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 0 | 6 | 1400 | ५५,७०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner General | 4 | 0 | 1000 | ४९,७८७ | | | | | | | |
| 3 | Steward/Dishwasher | 2 | 0 | 1100 | ४३,७६६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ९ गते (21st Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HAPPY NEPAL EMPLOYMENT PVT. LTD
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533, Mob: 9847364227
bishwo 984-3560000, subash 980-3050838 , Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Prithivichowk -8, Pokhara, Kaski, Mob: 9806625652, Email: happynepalemploymentpvtltdpokh@gmail.com
श्रम ईजाजत नं. ८८३/०६७/०६८

**ओमनमा रोजगार** कम्पनी : AL-RUKEN AL-NAQI
पूर्व स्वीकृति मिति : २०८२/११/०१ LT. No. 338886 चलानी नं. ६०२५२४५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Arabic Coffee Maker | 1 | 0 | 150 | ५६,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ९ गते (21st Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

**युएइमा रोजगार** कम्पनी : HOWDRA EMPLOYMENT SERVICES
पूर्व स्वीकृति मिति : २०८१/०९/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/३० LT. No. 315853 चलानी नं. ६०२३००८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 50 | 0 | 800 | ३१,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 48 | 0 | 1200 | ४७,४५० | | | | | | | |
| 3 | Steel Fixer | 48 | 0 | 1200 | ४७,४५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ९ गते (21st Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

**कतारमा रोजगार** कम्पनी : BIN OMRAN TRADING AND TELECOMMUNICATION
पूर्व स्वीकृति मिति : २०८२/११/०१ LT. No. 338988 चलानी नं. ६०२५२४३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Agents | 6 | 0 | 1200 | ४७,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ९ गते (21st Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TIRUPATI INTERNATIONAL MANPOWER PVT. LTD.
Govt. License 847/066/067
Battisputali, Gaushala- 9, Kathmandu, Nepal, Mob : 9818578734/ 9851000521
Email: tirupatimanpower@gmail.com, Web: www.tirupatiintcom.np


निर्वाचन स्पन्देही-२

# उम्मेदवारका बीचमा शालीन प्रचारशैली

**रूपन्देही–** आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि रूपन्देही क्षेत्र नं २ का उम्मेदवारका बीचमा शालीन प्रचारशैली देखिएको छ । प्रचारप्रसारमा अन्य पार्टीका उम्मेदवारको आलोचना भन्दा आफ्ना चुनावी मुद्दालाई आम मतदातालाई बुझाउनेगरी प्रचार अभियानमा उनीहरू लागेका छन् ।

नेकपा एमालेका उम्मेदवार विष्णुप्रसाद पौडेल निर्वाचन चुनावी प्रचारप्रसारका हरेक कार्यक्रम, भेटघाट र छलफलमा आफूले यस क्षेत्रमा अहिलेसम्म गरेका कामका बारेमा मतदातालाई बुझाउने र आगामी योजनाकाबारेमा बुझाउने गर्छन् । 'चुनावका बेला अन्यलाई गाली गर्ने, आलोचना गरेर हाम्रो समाजको भावनात्मक सम्बन्धमा बिगार्नुभन्दा हामीले यस क्षेत्रको विकासका लागि विगतमा गरेका काम जनतालाई बुझाउन सकेमात्र पर्याप्त हुन्छ,' उनी भन्छन्, 'त्यसैले अरुको आलोचनाभन्दा जनतामाझ हामीले विगतमा गरेका काम र आगामी दिनमा यहाँको विकास र समृद्धिका लागि गर्ने योजनाकाबारेमा जनतालाई बुझाउँदा पुग्छ ।'

निर्वाचन प्रचारप्रसारका क्रममा उनले यस क्षेत्रमा आफू पटक-पटक निर्वाचित भएर गएपछि गरेका विकास निर्माणका कामको फेरहिस्त नै प्रस्तुत गर्छन् । संसदीय निर्वाचनमा पटक-पटक निर्वाचित भएपछि सरकारमा विभिन्न मन्त्रालयको जिम्मेवारी निर्वाह गरेका पौडेल तीन कार्यकाल उपप्रधान तथा अर्थमन्त्रीको जिम्मेवारीमा रहे ।

नेता पौडेल राष्ट्रिय राजनीतिमा चर्चा कमाएका व्यक्ति भएकाले जिल्लाको मुख्य केन्द्र मानिने क्षेत्र नम्बर २ मा पूर्वउपप्रधान तथा अर्थमन्त्री पौडेलसँग यसपटक प्रायः सबै प्रतिस्पर्धी चुनावी मैदानमा नयाँ छन् । नयाँ उम्मेदवारको चुनावी प्रचारप्रसार शैली पनि निक्कै भद्र र शालीन देखिन्छ । यसैले पनि यहाँका मतदाताबाट उम्मेदवारले राम्रो प्रशंसा पाएका छन् ।

नेपाली कांग्रेसकातर्फबाट यही निर्वाचन क्षेत्रमा उम्मेदवार चुन्नप्रसाद पौडेलको चुनावी प्रचारप्रसारको शैली पनि भद्र र शालीन रहेको देखिन्छ । उनले राजनीतिकभन्दा सामाजिक क्षेत्रमा आफूले गरेका योगदानसहित मतदातामाझ प्रस्तुत गर्छन् । व्यावसायिक क्षेत्रबाट आफूले यस क्षेत्रको धार्मिक, सामाजिक र व्यावसायिक क्षेत्रमा रोजगारीजस्ता विषय उनका चुनावी मुद्दा बनेका छन् । उनले पनि आफ्नो विगतको काम र आगामी दिनमा राजनीतिलाई सामाजिक क्षेत्रको रूपमा लैजाने मतदातामाझ प्रतिबद्धता व्यक्त गर्छन् ।

उनले रूपन्देही जिल्लालाई शिक्षा र स्वास्थ्यको हबको रूपमा विकास गर्ने, उद्योग व्यापार क्षेत्रमा लगानीमैत्री कानुन निर्माणमा आफ्नो प्राथमिकता रहने चुनावी प्रतिबद्धता जनाउने गरेका छन् । यस्तै नेपाली कम्युनिस्ट पार्टीका तर्फबाट यस क्षेत्रमा उम्मेदवार बनेका सुरज पाण्डे युवा नेता हुन् । यस क्षेत्रका लागि नौलो अनुहार रहे पनि उनको बाबुको राजनीतिक विरासतले मतदातामाझ पुग्न सहज बनेको छ । उनका बाबु भक्तिप्रसाद पाण्डे २०६४ सालमा एमाले नेता पौडेलसँग चुनावी प्रतिस्पर्धामा थिए । २२ वर्षपछि उनै एमाले नेता पौडेलसँग लड्न भक्तिप्रसादका छोरा सुरज चुनावी मैदानमा आएका छन् ।

तत्कालीन माओवादी जनयुद्धकालदेखि नै बाबु भक्तिप्रसाद पार्टीको केन्द्रीय नेतृत्वसँग जोडिएर योगदान गरेकाले उनले पनि बाबुकै शैलीमा मतदातामाझ सहज र सरल भएर प्रस्तुत भएका छन् । यससँगै उमेरदेखि तत्कालीन माओवादी वरिष्ठ नेता डा. बाबुराम भट्टराईको सचिवालयमा बसेर काम गरेकाले पनि उनी सरल र सहज देखिन्छन् ।

युवा उम्मेदवार पाण्डेले आफू जेन-जी समूहका भावना र पुराना पाका राजनीतिक नेतृत्वको अनुभवलाई एकसाथ अघि बढाउने एजेण्डा बनाएका छन् । उनले आफ्नो यो अभियानले यस क्षेत्रको समग्र विकासलाई समेट्ने बताउँछन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार सुलभ खरेल चुनावी मैदानमा छन् । *रासस*

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शनिबार, ०२ फागुन, २०८२

| | |
|---|---|
| **मेष** | स्वास्थ्यमा उतारचढाव हुनेछ । |
| **वृष** | नयाँ मित्र बन्ने योग रहेको छ । |
| **मिथुन** | यात्रामा सफलता मिल्नेछ । |
| **कर्कट** | अनावश्यक खर्च बढ्नेछ । |
| **सिंह** | पारिवारिक सुख प्राप्त हुनेछ । |
| **कन्या** | व्यापारमा लाभ मिल्नेछ । |
| **तुला** | बौद्धिकतामा वृद्धि हुनेछ । |
| **वृश्चिक** | चोटपटकको सम्भावना रहेको छ । |
| **धनु** | पराक्रम बढ्नेछ ।। |
| **मकर** | धन लाभ हुनेछ । |
| **कुम्भ** | सामाजिक प्रतिष्ठा बढ्नेछ । |
| **मीन** | धार्मिक कार्यमा रुचि बढ्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०२ फागुन, २०८२ (१४ फेब्रुवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४४.८३ | १४५.४३ |
| युरो | १ को | १७२.५५ | १७३.२७ |
| पाउन्ड स्टिर्लङ | १ को | १९८.४५ | १९९.२७ |
| स्विस फ्रैन्क | १ को | १८९.०९ | १८९.८७ |
| अस्ट्रेलियन डलर | १ को | १०३.१३ | १०३.५६ |
| क्यानाडियन डलर | १ को | १०७.१९ | १०७.६३ |
| सिङ्गापुर डलर | १ को | ११४.७८ | ११५.२६ |
| जापानी येन | १० को | ९.४४ | ९.४८ |
| चिनियाँ युआन | १ को | २०.९६ | २१.०५ |
| साउदी अरब रियाल | १ को | ३८.६२ | ३८.७८ |
| कतारी रियाल | १ को | ३९.६३ | ३९.७९ |
| थाई भाट | ख १ को | ४.६७ | ४.६९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.४३ | ३९.५९ |
| मलेसियन रिङेट | १ को | ३६.९९ | ३७.१५ |
| दक्षिण कोरियन वन | १०० को | ९.९९ | १०.०३ |
| स्विडिस क्रोनर | १ को | १६.३५ | १६.४२ |
| डेनिस क्रोनर | १ को | २३.१० | २३.२० |
| हङकङ डलर | १ को | १८.५३ | १८.६० |
| कुवेती दिनार | १ को | ४७४.७७ | ४७६.७४ |
| बहराइन दिनार | १ को | ३८४.१४ | ३८५.७४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# विश्व शान्तिमा नेपाली सेनाको गर्विलो उपस्थिति



राष्ट्रको आह्वानमा पुरानो गोरख गण सन् १९७४ मा इजिप्टमा पहिलोपटक तैनाथ भएको थियो । त्यस समयदेखि संघका अधिकांश शान्ति 'मिसन'मा सक्रिय सहभागी हुँदै आएको छ । यस अवधिमा ४४ मिसनमा एक लाख ६२ हजार ४९६ 'ब्लु हेल्मेटधारी' शान्तिकामी नेपाली सैनिकले योगदान पुऱ्याइसकेका छन् । त्यसबापत सोही संख्यामा 'राष्ट्रसंघीय शान्ति पदक' प्राप्त गरिसकेका छन् ।

संयुक्त अधिराज्य बेलायतको वेल्सस्थित ब्रेकनमा वार्षिकरूपमा आयोजना हुने अत्यन्तै कठिन र जोखिमयुक्त अभ्यास क्याम्ब्रियन र पाकिस्तानमा हुँदै आएका गस्तीमा नेपाली सेना तीनपटक सर्वोत्कृष्ट भई स्वर्ण पदक जित्न सफल भएको छ । बेलायतमा भएको प्रतियोगितामा ३७ राष्ट्रका १२१ अन्तर्राष्ट्रिय सैनिक टोलीलाई र पाकिस्तानमा भएको प्रतियोगितामा १७ राष्ट्रका ३८ सैनिक टोलीलाई पछि पार्दै नेपाली सेनाले प्राप्त गरेको नतिजाले नेपाली सेना एक कुशल, व्यावसायिक र लगनशील सैनिकका रूपमा विश्वभर स्थापित भएको छ ।

**नारायण न्यौपाने / काठमाडौं**

विश्व शान्तिमा नेपाली शान्ति सैनिक आफूलाई साहासिक, अनुशासित एवं व्यावसायिक परिचय दिलाउन सफल भएका छन् । सन् १९५८ मा लेबनानमा पाँच सैनिक पर्यवेक्षक खटाइ संयुक्त राष्ट्रसंघको विश्व शान्ति अभियानमा सहकार्य सुरु गरेको नेपाली सेना अहिले उक्त विश्व मञ्चको दह्रो सहयात्री बनेको छ ।

राष्ट्रसंघको छातामुनि रही नेपाली सेनाले जोखिमयुक्त कार्य र जिम्मेवारीलाई समेत सहजै स्वीकार गरी इमान्दार, व्यावसायिक र आदेशपालक 'च्याम्पियन' सैनिकको परिचय दिलाउन सफल रहेको सिरियास्थित युएन शान्ति मिसनका पूर्वफोर्स कमाण्डर ईश्वर हमाल बताउँछन् ।

पूर्वरथी हमाल भन्छन्, 'नेपाली शान्ति सैनिक अनुभवी, अनुशासित, तटस्थ, व्यावसायिक, आदेशपालक र भरपर्दो सैनिकका रूपमा परिचित छ । जोखिम अवस्थामा पनि तत्कालै परिचालित हुने भएकाले पनि नेपाली शान्ति सैनिकलाई सबैले मन पराउँछन् ।'

विश्व शान्ति, सुरक्षा, समानता र परस्पर सम्मानको साझा उद्देश्यका साथ स्थापना भएको विश्व मञ्चमा नेपालको प्रवेश भने सन् १९५५ डिसेम्बर १४ मा भएको थियो । नेपालले सन् १९६९-७० र सन् १९८८-१९८९ मा दुईपटक राष्ट्रसंघको सुरक्षा परिषद्को अस्थायी सदस्यको भूमिकासमेत सफलतापूर्वक निर्वाह गरिसकेको छ । त्यसो त नेपालको परराष्ट्र नीतिमै पनि राष्ट्रसंघकै बडापत्रको सिद्धान्तलाई सर्वाधिक प्राथमिकता दिइएको छ । द्वन्द्वग्रस्त मुलुकमा शान्ति सैनिक पठाइने सिलसिलामा युएनको झण्डामुनिमात्र जाने नेपालले राष्ट्रिय नीति अवलम्बन गरेको छ ।

राष्ट्रको आह्वानमा पुरानो गोरख गण सन् १९७४ मा इजिप्टमा पहिलोपटक तैनाथ भएको थियो । त्यस समयदेखि संघका अधिकांश शान्ति 'मिसन'मा सक्रिय सहभागी हुँदै आएको छ । यस अवधिमा ४४ मिसनमा एक लाख ६२ हजार ४९६ 'ब्लु हेल्मेटधारी' शान्तिकामी नेपाली सैनिकले योगदान पुऱ्याइसकेका छन् । त्यसबापत सोही संख्यामा 'राष्ट्रसंघीय शान्ति पदक' प्राप्त गरिसकेका छन् । विश्व शान्ति अभियानमा तीन हजार ६६६ बढी नेपाली महिला शान्ति सैनिकको योगदान छ । यसबीचमा सेनाले इञ्जिनियर, मेडिकल र विशेष फौजको टुकडीजस्ता विशिष्ट क्षमताको फौज सहभागी गराएर राष्ट्रसंघको शान्ति कार्यमा महत्त्वपूर्ण योगदान दिइरहेको छ ।

साइप्रस मिसनमा खटिएका नेपाली सेनाका पूर्वफोर्स कमाण्डर रथी भिक्ट्रीशमसेर जवरा (अप्रा) अन्तर्राष्ट्रिय जगत्मा मिसन हाक्नेगरी द्वन्द्वरत मुलुकमा फोर्स कमाण्डर भएर जान पाउनु देश र संगठनका लागि ठूलो अवसर भएको प्रतिक्रिया दिन्छन् । उनी भन्छन्, 'त्यसबेला त्यहाँ युरोप, अस्ट्रेलिया, अर्जेनटिनालगायत १५ मुलुकका करिब एक हजार ७०० जति शान्ति सैनिक परिचालित थिए । फोर्स कमाण्डरका हैसियतले त्यसको नेतृत्वको जिम्मेवारी थियो ।'

नेपाली शान्ति सैनिकको कर्तव्यप्रति निष्ठा र उत्कृष्ट कार्यसम्पादनको राष्ट्रसंघलगायत निकायबाट उच्च प्रशंसा हुँदै आएको छ । विश्व शान्ति स्थापना कार्यमा परिचालित हुँदा हालसम्म ७४ नेपाली शान्ति सैनिकको वीरगति प्राप्त गरेका छन् भने ७७ जना गम्भीर घाइते भएका छन् ।

पछिल्लो समय युएनमा आर्थिक अभावका कारण द्वन्द्वरत मुलुकमा स्थापना भएका मिसनमा परिचालित हुने शान्ति सैनिकको संख्यामा कटौती गरिएको छ । २०७९ मंसिरमा सेन्ट्रल अफ्रिकन रिपब्लिकमा शान्ति सैनिक तैनाथीसँगै मिसनमा सैनिक खटाउने मुलुकको सूचीमा नेपाल पहिलो वरीयतामा पुगेको थियो । त्यसबेला नेपाली शान्ति सैनिकको संख्या सबैभन्दा बढी छ हजार १६ पुगेको थियो ।

विश्वका १० मिसनमा हाल ३९१ महिलासहित चार हजार ३०२ नेपाली शान्ति सैनिक परिचालित छन् । महिला सैनिक खटाउने देशको सूचीमा पनि नेपाल अग्रस्थानमै छ । राष्ट्रसंघले विश्व शान्ति कार्यका लागि नोबल पुरस्कार प्राप्त गर्नुमा नेपाली शान्ति सैनिकको पनि ठूलो योगदान छ ।

नेपालले अन्तर्राष्ट्रिय मञ्चमा शान्ति र समानताका लागि सदैव जोड दिँदै आएको छ । नेपाल सधैं विश्व शान्ति र सद्भावका लागि प्रतिबद्ध छ । राष्ट्रसंघबाट नेपाललाई अनुरोध भइआएमा ६० दिनभित्र मिसनमा तैनाथ गराउन सक्नेगरी उपकरण र आवश्यक थप जनशक्ति तयारी अवस्थामा रहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रलाई 'सेन्टर अफ एक्सेलेन्स' बनाउने लक्ष्यअनुरूप भौतिक पूर्वाधार स्तरोन्नतिको काम भइरहेको छ । त्यस स्थानमा शान्ति स्थापना कार्यमा बहुराष्ट्रिय शान्ति सैनिकबीच अन्तरसम्बन्ध र साझेदारी बढाउन संयुक्त राष्ट्रसंघको शान्ति अभियानसँग सम्बन्धित विभिन्न अभ्यासहरू सञ्चालन हुँदै आएको छ ।

जसअनुसार एक वर्षमा विदेशी ३१ र स्वदेशी ६४ जनाको सहभागितासहित चारवटा युएनसम्बन्धी विशिष्टीकृत तालिम सञ्चालन भयो । सोही अवधिमा उक्त केन्द्रमा १२ वटा शान्ति सेनाका युनिटका तीन हजार ५३१ जनालाई 'प्रिडिप्लोयमेन्ट' तालिम दिइयो । अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको कूटनीतिक सम्बन्ध हासिल गर्ने एक महत्त्वपूर्ण उपाय र संयन्त्रका रूपमा नेपाली शान्ति सैनिक रहेको छ ।

राष्ट्रसंघमा फौज उपलब्ध गराएबापत नेपाललाई प्राप्त हुने रकम विदेशी मुद्रा आर्जन गर्ने महत्त्वपूर्ण स्रोत हो । शान्ति मिसनमा काम गर्ने सिलसिलामा नेपाली शान्ति सैनिकले नेपालको मूल्य, मान्यता, संस्कृति, भाषा र जीवनशैलीलाई विश्वमाझ परिचित गराएका छन् । त्योसँगै विश्वका विभिन्न प्रणाली, प्रविधि र असल अभ्यासबारे जानकारी लिने अवसर प्राप्त भएको छ ।

परराष्ट्र सम्बन्ध विस्तारका हिसाबले दूतावास नभएका ठाउँमा खटिएका शान्ति सैनिकबाट प्रत्यक्ष नभए पनि परोक्षरूपमा सम्बन्ध विस्तारमा सहयोग पुग्दै आएको छ । उदाहरणका लागि राष्ट्रसंघको शान्ति कार्यलाई सवलीकरण गर्ने उद्देश्यले शान्ति स्थापनासम्बन्धी विविध विषयमा छलफल गर्न संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रका परराष्ट्र र रक्षामन्त्रीको सहभागितामा प्रत्येक दुई वर्षमा मन्त्रीस्तरीय बैठक बस्दै आएको छ । जुन बैठकले विश्वका विभिन्न देशसँग नेपालको सम्बन्ध विस्तारमा सहयोग पुगिरहेको छ ।

सन् १९४५ अक्टोबर २४ मा संयुक्त राष्ट्रसंघको वडापत्र लागू भएको दिनको सम्झनास्वरूप संयुक्त राष्ट्रसंघले प्रत्येक वर्ष उक्त दिनलाई संयुक्त राष्ट्रसंघ दिवसका रूपमा मनाउँदै आइरहेको छ । सोही सिलसिलामा नेपाली सेनाले पनि वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा विविध कार्यक्रम आयोजना गरी 'संयुक्त राष्ट्रसंघ दिवस' मनाउँदै आएको छ । नेपाली सेनाको शान्ति मिसन यात्रा सुरु भएयता राष्ट्रसंघीय शान्ति मिसनमा रही नेपाली सेनाका उच्च अधिकृतले सेक्टर र फोर्स कमाण्डरका रूपमा जिम्मेवारी सम्हाल्दै आएका छन् ।

क्रमशः पृष्ठ ५ मा

## शिवरात्रि विशेष

# बागमती नदीको बहाव बढाउन धापडयामको पानी

**प्रगति ढकाल / काठमाडौं**

यस वर्षको महाशिवरात्रि पर्वलाई लक्षित गर्दै बागमती नदीमा पानीको बहाव बढाउनका लागि धापडयामबाट पानी छाडिएको छ । भक्तजनलाई स्नान गर्न र नदीको सौन्दर्यता अभिवृद्धि गर्न सहयोग पुग्ने उद्देश्यले धापडयामबाट पानी छाडिएको हो ।

अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिअन्तर्गतको बागमती सुधार आयोजनाले महाशिवरात्रिका दिन पशुपतिनाथ मन्दिर परिसरमा ठूलो संख्यामा भक्तजनको भीड लाग्ने भएकाले नदीमा पानीको बहाव बढाउन पानी छाडिएको जानकारी दिएको छ ।

पानीको बहाव बढाउन शुक्रबार दिउँसोदेखि नै डयामबाट क्रमिक रूपमा पानी छोड्न थालिएको आयोजनाले जानकारी दिएको छ । आयोजनाले पर्व अवधिभर नदीमा निरन्तर पानी प्रवाह हुनेगरी समन्वय गरिएको जनाएको छ ।

आयोजना उपनिर्देशक तथा सूचना अधिकृत उद्धव नेपालले महाशिवरात्रिलाई लक्षित गरी शुक्रबारदेखि नै धापडयामको पानी नदीमा छोड्न सुरु भएको जानकारी दिए । 'धापडयामको पानी छोडेपछि पशुपति क्षेत्रसम्म आइपुग्नका लागि करिब १४ घण्टा लाग्छ, त्यसर्थ हामीले शुक्रबारदेखि नै पानी छोड्न थालेका हौं,' उनले भने, 'विशेष दिनमा हामीले डयामको पानी बागमतीमा छोड्दै आएका छौं ।' शिवरात्रिका अवसरमा देशविदेशबाट हजारौं भक्तजन पशुपतिनाथ दर्शन तथा बागमतीमा स्नानका लागि आउने गर्दछन् ।

### प्रतिसेकेण्ड ४०० लिटर पानी छाडियो

समितिका अनुसार बागमती नदीमा प्रतिसेकेण्ड ४०० लिटर पानी तीन दिनसम्म छाडिने छ । 'पानी छाड्दा बागमती नदीमा पानीको सतह घुँडासम्म आउँछ र व्रतालुलाई नदीमा स्नान गर्न सजिलो हुन्छ, यसबाट नदीको सौन्दर्यता पनि बढ्ने अपेक्षा छ,' नेपालले भने, 'बागमती नदीमा पानी छाड्न मेलम्ची खानेपानी विकास समितिसँग पनि आग्रह गरिसकेका छौं ।'



### केयुकेयलसँग समन्वय

महाशिवरात्रि पर्वका अवसरमा बागमती नदीमा पानीको बहाव बढाउने तयारीअन्तर्गत सम्बन्धित निकायबीच समन्वय गरिएको छ । काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) लाई सुन्दरीजल पानी प्रशोधन शाखामार्फत नदीमा पानी प्रवाह गरिदिन पत्राचार गरिएको छ । यसअघि २०८१ जेठ २३ गते विभिन्न चाडपर्वका अवसरमा बागमतीमा पानी प्रवाह गर्ने विषयमा सरोकारवाला निकायको बैठकले निर्णय गरेको थियो ।

बागमती सुधार आयोजना प्रमुख शम्भुराज पण्डितका अनुसार धापडयामबाट हालसम्म केयुकेएल सुन्दरीजल शाखामा ३२ करोड लिटर पानी प्रवाह गरिएको छ । केयुकेएलबाट विभिन्न चाडपर्वमा एकमुष्ठ २७ करोड ९८ लाख लिटर पानी शोधभर्ना भइसकेको जानकारी पनि उनले दिए ।

पण्डितका अनुसार अब उप्रान्त बागमती नदीमा प्रवाह गरिने पानीको हिसाब पछि मिलान गर्नेगरी महाशिवरात्रिका अवसरमा ४०० लिटर प्रतिसेकेण्डका दरले बागमतीमा पानी प्रवाह गर्न आग्रह गरिएको छ । 'शुक्रबार बेलुकी ६:०० बजेदेखि आइतबार बेलुकी ६:०० बजेसम्म नदीमा पानी प्रवाह गर्न आग्रह गरेका छौं,' उनले भने ।

> धापड्यामको पानी छोडेपछि पशुपति क्षेत्रसम्म आइपुग्नका लागि करिब १४ घण्टा लाग्छ, त्यसर्थ हामीले शुक्रबारदेखि नै पानी छोड्न थालेका हौं । विशेष दिनमा हामीले ड्यामको पानी बागमतीमा छोड्दै आएका छौं ।
>
> **उद्धव नेपाल**
> आयोजना उपनिर्देशक तथा सूचना अधिकृत

### पाँच करोड लिटरसम्म पानी छाड्ने तयारी

महाशिवरात्रि पर्वका अवसरमा बागमती नदीमा करिब पाँच करोड लिटरसम्म पानी प्रवाह गर्ने तयारी गरिएको छ । काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)अन्तर्गत सुन्दरीजल पानी प्रशोधन आयोजनाका प्रमुख हेम बूढाथोकीले शुक्रबार साँझ ६ बजेदेखि पानी छोड्न सुरु गरिने जानकारी दिए ।

'आधिकारिकरूपमा आयोजनाले बागमती नदीमा पानी छोड्नका लागि माग गर्दै पत्राचार गरेको छ,' उनले भने, 'सोअनुसार मेलम्ची खानेपानी आयोजनाको पानी सुन्दरीजल प्रशोधन केन्द्रबाट आइतबार साँझ ६ बजेसम्म करिब पाँच करोड लिटर छाड्ने तयारी छ ।'

गत वर्षको मनसुन अवधिमा मेलम्ची आयोजना अस्थायीरूपमा बन्द हुँदा धापडयामको पानी सापटी लिइएको थियो । तर यस वर्ष केयुकेएलले धापडयामबाट सापटी पानी नलिएको जनाइएको छ । छठजस्ता महत्त्वपूर्ण पर्वमा पनि मेलम्चीको पानी बागमतीमा प्रवाह गरी बहाव बढाउन सहयोग गर्दै आएको छ । गत वर्षको महाशिवरात्रिमा पनि मेलम्ची आयोजनाले बागमतीमा पानी प्रवाह गरेको थियो ।

क्रमशः पृष्ठ ५ मा

# प्रभाव दैनिक


शनिबार, ०२ फागुन २०८२ (Saturday, 14 February 2026)






## दोस्रो सातामा 'कुमारी' र 'रमिताको पिरती'

फिल्महरू 'कुमारी' र 'रमिताको पिरती' प्रदर्शनको दोस्रो सातामा प्रवेश गर्न सफल भएका छन्। गत २४ माघबाट देशभर प्रदर्शनमा आएका यी दुई फिल्मले दर्शकको राम्रो साथ पाएको बताइन्छ। 'कुमारी' दिनेश राउत निर्देशित फिल्म हो। युवा–युवतीको प्रेम कथामा आधारित फिल्म 'कुमारी' नेपालसँगै अस्ट्रेलिया, संयुक्त राज्य अमेरिका, क्यानडा र मध्यपूर्वका देशहरूमा पनि प्रदर्शनमा आएको छ। त्यस्तै 'रमिताको पिरती' महिला निर्देशक सुदीप्ता अधिकारीले निर्देशन गरेकी हुन्। ब्रेकअपको कथामा बनेको फिल्मले विशेष गरी युवापुस्तामा देखिने प्रेम, धोका र ब्रेकअपपछिको मानसिक अवस्थालाई महिलाको दृष्टिकोणबाट प्रस्तुत गरेको छ।



# पन्तको 'आ बाट आमा'को कमाई पौने नौ करोड




■ प्रभाव संवाददाता

**काठमाडौं** – चन्द्र पन्त निर्देशित फिल्म 'आ बाट आमा'ले ९ करोड नजिक कमाई गरिसकेको छ। गत माघ १६ गतेबाट प्रदर्शनमा आएको यो फिल्मले अहिलेसम्म ८ करोड ७२ लाख ग्रस कलेक्सन हो। पहिलो हप्ताभन्दा दोस्रो साता हलमा दर्शकको चाप बढेसँगै फिल्मको व्यापारमा छलाङ मारेको हो।

निर्देशक पन्तले भने,'दर्शकको माया अत्यधिक पाइरहेका छौं। देशभरका अधिकांश हलमा दर्शकको साथ छ। अहिलेसम्म हाम्रो फिल्मले ८ करोड ७२ लाख भन्दा बढि कमाई गरिसकेको छ। अझै बढ्दैछ। भोली शनिबार अझै दर्शक बढ्ने देखिन्छ।'

उनले थपे, 'फिल्मको कथामा आमा बुबा र छोराबीचको सम्बन्ध र वैदेशिक रोजगारीको खोजीमा विदेश पुगेका कथा भएर पनि होला धेरै दर्शकलाई छोएको छ। अधिकांश दर्शकले आफ्नै कथा हो भनिरहनु भएको छ। त्यसले पनि होला दर्शकको माया पाइरहेका छौं।'

आर्या इन्टरटेन्मेन्टको प्रस्तुतिमा निर्माण भएको यो फिल्ममा निर्देशक पन्तकै कथा तथा पटकथा निर्देशक चन्द्र पन्तकै रहेको छ। यस फिल्ममा विपना थापा, पल शाह, प्रदीप रावत (गजनी भिलेन)का अलवा साइग्रेस पोखरेल, उषा उप्रेती, सिम्रन पन्त, गजित विष्ट, बेगम नेपाली, रचना गौतम लगायतको मुख्य भूमिका रहेको छ। उनीहरूको अभिनयलाई दर्शकले अत्यधिक रुचाएका छन्। फिल्मलाई कृष्ण प्रसाद सुवेदी, ओमकार पन्त, प्रकाशजंग कुँवर, ध्रुव प्रसाद न्यौपाने र क्षितिज ढुंगाना निर्माताको रूपमा छन्। यस फिल्मका कार्यकारी निर्माता करण सिंह रसाली हुन्। अभिमन्यु निरवीद्वारा लिखित संवादमा अमर न्यौपाने, अभिमन्यु निरवी र चन्द्र पन्तले सहकार्य गरेका छन्।

फिल्मका संगीत कोशिस क्षेत्री, बाबुल गिरी र धानेश्वर गौतमको छ। साथै फिल्मको गीतको भिडियोमा कोरियोग्राफी गंभीर विष्ट र दिलिप ओखेडाको रहेको छ।

नवराज उप्रेतीले खिचेको यस फिल्मको सम्पादन मिलन श्रेष्ठको हो भने ट्रेलर र टिजरको काम साहिल खानले गरेका छन्। फिल्मको वितरण आरआर फिल्मसको हो भने डिजिटल अधिकार ओएसआर डिजिटलको रहेको छ। यसअघि निर्देशक पन्तले फिल्म 'ह्स्वदीर्घ' निर्देशन गरेका थिए। जुन फिल्म पनि सफल बनेको थियो।

# डा. रिजालका दुई पुस्तक सार्वजनिक




**काठमाडौं (प्रस)**– काठमाडौं उपत्यकाभित्रका नेवार समुदायको कला, संस्कृतिको महत्व समेटेटिएका डा शिव रिजालका दुई पुस्तक प्रकाशनमा आएका छन्।

बज्र बुक्सले बजारमा ल्याएको रिजालका 'पोएटिक्स अफ नेवाः स्पेश (पिपुल, आर्किटेक्चर एन्ड पफमेटिभिटी) र 'टकिङ स्पेश' नामक अंग्रेजी भाषामा लेखिएका सो पुस्तक शुक्रबार प्रा. डा. अभि सुवेदीले सार्वजनिक गरेका हुन्। यी पुस्तक दिल्लीस्थित आदर्श इन्टरप्राइजेजले प्रकाशन गरेको हो।

काठमाडौं उपत्यकाभित्रका नेवार समुदायको परम्परागत कला, संस्कृति र उद्गम र विकासको मुख्य आधार समुदायमा हुने सार्वजनिकस्थलको (स्पेस) रहेको सुवेदीले बताए। नेवार समुदायले सार्वजनिकस्थलमा सामूहिक रूपमा आफ्ना कला, संस्कृति पस्किँदै आएको संस्कृति आफैमा रोचक रहेको उनले सुनाए।

पुस्तकको समीक्षा गर्दै प्रमोद मिश्रले नेवार समुदायको उपत्यकाभित्र देखिएको संस्कृतिभन्दा पनि लुकेका र गुमनाम भएका थुप्रै अमूल्य संस्कृतिलाई रिजालको पुस्तकमा अध्ययन गर्न पाइने बताए।

त्यसैगरी, बज्र बुक्सका प्रकाशक विदुर डङ्गोलले रिजालका दुई पुस्तकमात्रै पुस्तक रूपमा नभई नेवार सभ्यताको दस्तावेज रहेको बताए। पुस्तक सार्वजनिकपछि लेखक रिजालले आफू साहित्यको विद्यार्थी भएकाले नेवार कला, संस्कृति जहाँ त्यहीं साहित्य भाव झल्किएको बताए।

# 'कमला मिस'को शुभमुहूर्त

**काठमाडौं (प्रस)**– नेपाली चलचित्र जगतका वरिष्ठ कलाकार तथा निर्देशक निर शाहले मनोवैज्ञानिक विषयवस्तुमा आधारित नयाँ चलचित्र 'कमला मिस' मार्फत एक दशकपछि निर्देशनमा पुनः सक्रियता जनाएका छन्। शुक्रबार ललितपुरको इमाडोलस्थित न्यु मिलेनियम स्कुल परिसरमा विधिवत् शुभमुहूर्त सम्पन्न गरी चलचित्रको छायांकन सुरु गरिएको छ।

चलचित्र 'कमला मिस' मा मानव मनोविज्ञानका सूक्ष्म आयामलाई केन्द्रमा राखिएको छ। यसमा निर्देशक निर शाहसँगै वासना तिमिल्सिना, शिवम सराफ क्षेत्री, आरभ दाहाल, भावना मगर, सुशान्त कुमार श्रेष्ठ, जयन्त रेग्मी मुख्य भूमिकामा देखिनेछन्। मुख्य सहायक निर्देशकको रूपमा सागर बोहरा कार्यरत छन्।

निर्माण पक्ष विजय मल्ल स्मृति प्रतिष्ठान द्वारा प्रस्तुत, कार्यकारी निर्माता उमेश मल्ल र चैतन्य प्रधान रहेका छन् भने लाइन प्रोड्युसर पुष्कर लामा (प्रेम भोम्जन) छन्। चलचित्रको कथा विजय मल्ल को हो भने पटकथा तथा संवाद निर शाह, प्रज्वल दुलाल र सुगम दुलालले संयुक्त रूपमा तयार पारेका हुन्।

निर शाहले सिने यात्रा वि.सं. २०२४ साल मा हिरासिंह खत्री निर्देशित 'परिवर्तन' चलचित्रबाट सुरु गरेका हुन्। उनले निर्देशन गरेका स्मरणीय चलचित्रमा 'वासुदेव', 'पच्चीस बसन्त', 'राजमती', 'बसन्ती', 'मसान', 'सेतोबाघ' पर्दछन्। अभिनयमा करिब ३ सयभन्दा बढी चलचित्रमा योगदान रहिसकेको छ।

उनी अभिनीत पछिल्लो चलचित्र 'परान' ले बक्स अफिसमा करिब १८ करोड रूपैयाँ कलेक्सन गर्दै व्यावसायिक सफलता हासिल गरेको थियो। 'कमला मिस' मार्फत निर शाहले पुनः नेपाली दर्शकमाझ गहिरो वैचारिक संवाद स्थापित गर्ने अपेक्षा गरिएको छ।

## रंगशाला

### महिला एसिया कप राइजिङ स्टार्स

# नेपाल पाकिस्तान 'ए'सँग पराजित




**काठमाडौं (प्रस)**– नेपाललाई पराजित गर्दै पाकिस्तान 'ए'ले महिला एसिया कप राइजिङ स्टार्समा विजयी सुरुआत गरेको छ। शुक्रबार सम्पन्न समूह 'ए' को खेलमा पाकिस्तान ३० रनले विजयी भएको हो।

पाकिस्तान 'ए' ले दिएको १३८ रनको लक्ष्य पछ्याएको नेपालले ६ विकेट गुमाउँदै १०७ रन मात्र बनाउन सक्यो। बिन्दु रावलले ४५ बलमा सर्वाधिक ३९ रन बनाइन्। कविता कुँवर १८ र सिता रानामगर १९ रनमा अविजित रहे पनि टोलीलाई जित दिलाउन पर्याप्त भएन। पाकिस्तान 'ए' की अनोशा नासिरले ४ ओभरमा २० रन खर्चेर ३ विकेट लिइन्। मोमिना रियासतले २ तथा वहेदा अख्तरले १ विकेट लिइन्।

त्यसअघि पहिला ब्याटिङ गरेको पाकिस्तान 'ए' ले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १३७ रन बनाएको थियो।

कप्तान हफ्सा खालिद ३९ बलमा ४० रन बनाउँदै अविजित रहिन्। उनले २ चौका र १ छक्का प्रहार गरिन्। वहेदा अख्तरले १५ बलमा २३ रन जोडिन् भने शुरुआतमा युसरा आमिर (४) र शवाअल जुल्फिकार (१०) छिट्टै आउट भएका थिए।

नेपालका कविता कुँवरले २ विकेट लिइन् भने मनिषा उपाध्याय, रिया शर्मा, सिता रानामगर र रुबिना क्षेत्रीले समान १-१ विकेट हात पारे।

### झापा गोल्डकप

# आयोजकलाई हराउँदै एपिएफ फाइनलमा

**बिर्तामोड (प्रस)**– टाइब्रेकरमा भाग्यमानी साबित हुँदै सशस्त्र प्रहरी बलको एपिएफ फुटबल क्लब एक्स्ट्रिम सातौं झापा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।

झापाको डोमालाल राजवंशी रंगशालामा जारी प्रतियोगितामा एपिएफले आयोजकको टिम झापा-११ फुटबल क्लबलाई टाइब्रेकरमा ४-२ गोल अन्तरले पराजित गरेको हो।

एक गोलले पछि परेको अवस्था उल्टाउँदै एपिएफले कम्ब्याक जित हासिल गरेको हो। जितसँगै एपिएफले कम्तिमा ७ लाख ५० हजार रुपैयाँ सुरक्षित गरेको छ।

एपिएफका लागि सुमन श्रेष्ठ, दिपेश धिमाल, सन्तोष खत्री र समिराज थोकरेले गोल गरेका थिए भने नविन लामाको प्रहार झापाका गोलकिपर सन्दिप लिम्बुले रोकेका थिए। झापाका तर्फबाट भने रोमन भुजेल र रोहन कार्कीले मात्र गोल गरेका थिए। नारायण क्षेत्री र गौरव धिमालको बल एपिएफका गोलकिपर एन्जल श्रेष्ठले बचाएका थिए। खेलको ६१ औं मिनेटमा झापाले अग्रता लियो। नारायण क्षेत्रीको कर्नर प्रहारमा झापाका विदेशी खेलाडी रिचार्ड बिल्सनले गोल गर्न सफल भए।

झापाको अग्रता ६ मिनेट पनि टिक्न सकेन। एपिएफका स्ट्राइकर नविन लामाले ६७ औं मिनेटमा खेललाई बराबरीको अवस्थामा पुर्‍याए। लामाले डिक्स्क बाहिरबाट गरेको प्रहार कस बारमा लाग्दै गोलमा परिणत भएको थियो।

३९ औं मिनेटमा रोहन कार्कीको प्रहार बारमा लागेर फर्किँदा खेलमा अग्रता लिने अवसरबाट बञ्चित भएको थियो। खेलको ५७ औं मिनेटमा झापाका रिचार्ड बिल्सनको लङ रेन्जर सट बारको केही माथिबाट बाहिरिएको थियो।

एपिएफले ३० औं मिनेटमा अग्रता लिने अवसर गुमाएको थियो। दिपेश धिमालले पाएको सुन्दर अवसर खेर फालेका थिए।

खेलको प्लेयर अफ द म्याच विजेता टिम एपिएफका गोलकिपर एन्जल श्रेष्ठ भए। उनले नगद २५ हजार रूपैयाँ पुरस्कार पाए। भोलि शनिबार अन्तिम सेमिफाइनल खेल त्रिभुवन आर्मी फुटबल क्लब र मछिन्द्र फुटबल क्लबबीच हुनेछ।

यसैबीच, प्रतियोगितामा बिर्तामोडको महेन्द्ररत्न स्टोर्सले प्रत्येक दिन टिकट लिएर खेल हेर्ने दर्शकमध्ये एकजनालाई एकथान टेलिभिजन उपलब्ध गराउँदै आएको छ।

त्यस्तै, पहिलो दिनदेखि फाइनल खेलसम्म टिकट लिएर एकजना दर्शकलाई यामाहाको स्कुटर प्रदान गरिने आयोजकले जनाएको छ।

प्रतियोगिताको विजेताले नगद १५ लाख र उपविजेताले ७ लाख ५० हजार रूपैयाँ पुरस्कार पाउनेछ। प्रतियोगिताको उत्कृष्ट खेलाडीले यामाहा कम्पनीको एउटा मोटरसाइकल प्राप्त गर्ने आयोजकले जनाएको छ। विधागततर्फ उत्कृष्ट कोच, हाई स्कोरर र उत्कृष्ट गोलकिपरले जनही ३५ हजार रूपैयाँ पुरस्कार पाउने छन्। प्रतियोगिताको फाइनल खेल फागुन ४ गते हुनेछ।


## मलेसियामा रोजगार

कम्पनी : YOU M SOLUTIONS SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१०/२५ | LT. No. 338579 | चलानी नं. ६०२५२४२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 6 | 0 | 1700 | ६३,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ९ गते (21st Feb. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

MHRS

MOBHIRA H.R. SERVICE PVT. LTD.

Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com

श्रम ईजाजत नं. १००१/०६८/६९



## ओमनमा रोजगार

कम्पनी : AL ADRAK TRADING AND CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/०१/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०१ | LT. No. 322138 | चलानी नं. ६०२३६२४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Wiring Electrician Assistant | 4 | 0 | 120 | ४५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolding Installation Worker | 9 | 0 | 120 | ४५,३२५ | | | | | | | |
| 3 | Pipe Fitter General | 2 | 0 | 120 | ४५,३२५ | | | | | | | |
| 4 | G. Maintenance Mechanic | 1 | 0 | 120 | ४५,३२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ९ गते (21st Feb. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

HIT

श्रम ईजाजत नं. १३७/०५५/०५६

Hit Overseas Employment Pvt.Ltd.

Basundhara, Kathmandu, Nepal, Tel: +977- 01-4359147, 4357454, 98510 56401,
E-mail : bhubanpun@gmail.com



## कुवेतमा रोजगार

कम्पनी : USM ROAD CLEANING COMPANY LLC — शेवा शुल्क: निःशुल्क

पूर्व स्वीकृति मिति : २०८२/११/०१ | LT. No. 339049 | चलानी नं.६०२५२४०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | INDOOR CLEANER | 7 | 3 | 85 | ४०,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SILVER OCEAN FOR ROADS, BUILDING AND CITIES CLEANING COMPANY — शेवा शुल्क: १0,000

पूर्व स्वीकृति मिति : २०८२/१०/२९ | LT. No. 338847 | चलानी नं.६०२५२४०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 10 | 0 | 170 | ८०,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Indoor Cleaner | 80 | 80 | 85 | ४०,२५० | | | | | | | |

कम्पनी : AFRIN ALWATANIYA CO. FOR GENERAL CLEANING CONTRACTING FOR BUILDINGS AND CITIES — शेवा शुल्क: निःशुल्क

पूर्व स्वीकृति मिति : २०८२/१०/१५ | LT. No. 337991 | चलानी नं.६०२५१४६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Helper | 4 | 0 | 100 | ४७,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Receptionist | 0 | 1 | 150 | ७१,०३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौं र फेवा ईन्टरनेशनल ट्रेनिङ सेन्टर वडा नं. ७, जनकपुरधाम धनुषामा मिति: २०८२ फागुन ९ गते (21st Feb. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

FEWA OVERSEAS PVT. LTD

Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9844024322
9813432386, 9827644060, 9825201309 Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np

1559/079/80



## बहराइन/कतार/ओमन र युएइमा रोजगार

कम्पनी : ALMAHRA BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८२/११/०१ | LT. No. 338911 | चलानी नं. ६०२५२४८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 8 | 0 | 150 | ५७,६९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MTAYYIBA BEAUTY LOUNGE

पूर्व स्वीकृति मिति : २०८२/११/०१ | LT. No. 338912 | चलानी नं. ६०२५२४८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/GEneral Beautician | 5 | 0 | 125 | ४८,०८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Lovushka beauty salon

पूर्व स्वीकृति मिति : २०८२/११/०१ | LT. No. 338913 | चलानी नं. ६०२५२४७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 2 | 0 | 1800 | ७१,७१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Aldalal Beauty Center

पूर्व स्वीकृति मिति : २०८२/११/०१ | LT. No. 338914 | चलानी नं. ६०२५२४७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Beautician | 1 | 0 | 170 | ६४,०८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SOPHIA EL KERHANY BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८२/११/०१ | LT. No. 338915 | चलानी नं. ६०२५२४७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 2 | 2000 | ७९,०८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Stylist -Female | 0 | 1 | 2000 | ७९,०८८ | | | | | | | |
| 3 | MANICURIST | 0 | 1 | 2000 | ७९,०८८ | | | | | | | |

कम्पनी : ROSE ALSILAE LADIES SALON

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 1 | 1500 | ५९,३१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Beautician (Hair Dressing, Manicure | 0 | 2 | 1500 | ५९,३१६ | | | | | | | |

कम्पनी : VELVET LAB LADIES SALON

पूर्व स्वीकृति मिति : २०८२/११/०१ | LT. No. 338917 | चलानी नं. ६०२५२४८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nail Technicians | 0 | 2 | 1500 | ५९,३१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RAWDHAT AL JAMAL BEAUTY CENTER

पूर्व स्वीकृति मिति : २०८२/११/०१ | LT. No. 338918 | चलानी नं. ६०२५२४७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser | 0 | 2 | 1700 | ६७,२२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ९ गते (21st Feb. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

HR NEPAL SERVICES PVT. LTD.

HR NEPAL SERVICES PVT. LTD.

Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, 9700699158, Email: hrnepalservices@gmail.com

श्रम ईजाजत नं. १५४८/०७८/०७९

# बंगलादेश: जनमतसंग्रहमा सुधारको पक्षमा बहुमत



**ढाका–** बंगलादेशमा सम्पन्न जनमतसंग्रहमा ६५.३ प्रतिशत मत संवैधानिक सुधारको पक्षमा परेको प्रारम्भिक विवरण सार्वजनिक भएको छ। यसले सन् २०२४ को विद्रोहपछि प्रस्तावित व्यापक राजनीतिक रूपान्तरणका एजेण्डालाई जनसमर्थन प्राप्त भएको संकेत दिएको छ।

आमनिर्वाचनसँगै गरिएको उक्त जनमतसंग्रह 'जुलाई चार्टर' नामक ८४ बुँदे सुधार प्रस्ताव कार्यान्वयनसँग सम्बन्धित थियो। उक्त प्रस्तावले भविष्यमा अधिनायकवादी शासन दोहोरिन नदिन संवैधानिक संरचनामा गहिरो परिवर्तन आवश्यक रहेको उल्लेख गरेको छ। डेली स्टारका अनुसार २७ लाखभन्दा बढी मतदाता सुधारको पक्षमा उभिएका छन्।

प्रस्तावित सुधारहरूमा कार्यवाहक सरकार गठनको स्पष्ट व्यवस्था, पूर्ण स्वतन्त्र निर्वाचन आयोग स्थापना, द्विसदनीय संसद् प्रारम्भ, प्रधानमन्त्रीको कार्यकालमा सीमा निर्धारण, राष्ट्रपतिको अधिकार पुनर्संरचना, न्यायपालिकाको स्वतन्त्रता सुदृढीकरण तथा संसद्मा महिलाको प्रतिनिधित्व वृद्धिजस्ता प्रावधान समावेश छन्। प्रारम्भिक नतिजाले यी विषयमा मतदाताहरूको सकारात्मक धारणा देखाएको छ।

निर्वाचनतर्फ मतगणनाअनुसार बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) ले दुईतिहाइ बहुमत प्राप्त गरेको छ। विभिन्न सञ्चारमाध्यमकाअनुसार २९९ प्रत्यक्ष निर्वाचित सिटमध्ये बिएनपी र उसका सहयोगीहरूले २०४ सिट जितेका छन् भने जमात र उसका साझेदारहरूले ७६ सिट प्राप्त गरेका छन्।

पूर्वप्रधानमन्त्री खालिदा जियाको निधन र शेख हसिनाको अवामी लिगमाथि प्रतिबन्ध लगाएपछि सम्पन्न भएको यो निर्वाचन तथा जनमतसंग्रहलाई बंगलादेशको राजनीतिक पुनर्संरचनातर्फको महत्त्वपूर्ण कदमका रूपमा विश्लेषण गरिएको छ। *रासस/एएनआई*



**चीनको हुनान प्रान्तका किसानहरू बिक्रीका लागि सामान बोकेर गुइझोउ प्रान्तको टोंगरेन सहरस्थित बजारमा हिंड्दै।** *तस्बिर: सिन्ह्वा*

# थाकसिन समर्थित पार्टी गठबन्धन वार्तामा जुट्यो

**बैंकक–** आमचुनावमा तेस्रो स्थानमा रहे पनि राजनीतिक प्रभाव कायम राख्दै जेलमा रहेका थाई पूर्वप्रधानमन्त्री थाकसिन सिनावात्राको पार्टी विजयी पार्टी भुमजाइथाईसँग गठबन्धन वार्तामा जुटेको छ। यस कदमले थाइल्याण्डमा चुनावपछि सत्ता सन्तुलन र थाकसिन वंशको भविष्यमा नयाँ प्रश्न खडा गरेको छ।

कार्यवाहक प्रधानमन्त्री अनुतिन चार्नविराकुल नेतृत्वको सैन्य र राजतन्त्र समर्थक भुमजाइथाई पार्टीले गत वर्ष कम्बोडियासँग सीमा विवादपछि भएको चुनावमा अप्रत्याशित जित हासिल गरेको थियो। फेउ थाई पार्टीका महासचिव प्रसर्ट चानरुआङथोङले पत्रकार सम्मेलनमा भने, 'हामीसँग कुनै पूर्वनिर्धारित गठबन्धन छैन, तर देशको हित र जनताको भलाइ हाम्रो प्राथमिकता हो।' उनका अनुसार पार्टी प्रतिनिधिहरू दिउँसो २:३० बजे भुमजाइथाईसँग वार्ता गर्ने तयारीमा छन्। फेउ थाईको चुनावी मत सेयर आधाभन्दा बढी घटेर तेस्रो स्थानमा झरेको छ। यसले सुधारवादी पिपुल्स पार्टीलाई दोस्रो स्थानमा पुऱ्याएको छ। थाकसिन वंशले लामो समयदेखि थाइल्याण्डको सैन्य र शाही समर्थक अभिजात वर्गको प्रमुख चुनौतीका रूपमा काम गर्दै आएको छ। फेउ थाईको पछिल्लो मनोनीत योडचानन वोंसावत थाकसिनका भतिजा हुन्।

थाकसिनले भ्रष्टाचार आरोपमा जेल सजाय भोगिरहेका छन् तर राजनीतिक विश्लेषकहरूले सम्भावित गठबन्धन र सम्झौताका आधारमा उनको रिहाइ अपेक्षा गरेका छन्। फेउ थाईको कमजोर चुनावी प्रदर्शनले सिनावात्रा वंशको प्रभुत्वमा चुनौती आए पनि यो वंशले अझै सत्तासाधक गठबन्धनमार्फत राजनीतिक पुनरागमनको अवसर पाउन सक्छ। *रासस/एएफपी*

# ड्रोन विवादमा उत्तरको कडा चेतावनी

**सियोल–** कोरियाली प्रायद्वीपमा बढ्दो तनावका बीच उत्तर कोरियाले कथित दक्षिण कोरियाली ड्रोन उडान दोहोरिए कडा प्रतिआक्रमण गर्ने स्पष्ट चेतावनी दिएको छ। उत्तर कोरियाली नेता किम जोङ उनकी बहिनी किम यो जोङले दक्षिण कोरियाको पछिल्लो 'खेद' अभिव्यक्तिलाई विवेकपूर्ण कदम माने पनि भविष्यमा यस्ता गतिविधि नरोके परिणाम गम्भीर हुने संकेत गरेकी छन्।

दक्षिण कोरियाली एकीकरणमन्त्री चुङ डोङ-युङले मंगलबार कथित नागरिक ड्रोन उडानप्रति 'गहिरो खेद' व्यक्त गर्दै सियोल सरकारले युद्धद्वारा विभाजित दुई राष्ट्रबीच 'आपसी मान्यता र शान्तिपूर्ण सहअस्तित्व' चाहेको बताएका थिए। उनको उक्त अभिव्यक्तिपछि किम यो जोङको प्रतिक्रिया सार्वजनिक भएको हो।

उत्तर कोरियाले गत महिना दक्षिण कोरियामाथि सेप्टेम्बर र जनवरीमा आफ्नो भू-भागमाथि निगरानी ड्रोन उडाएको आरोप लगाउँदै प्रतिशोधको चेतावनी दिएको थियो। तर दक्षिण कोरियाली सरकारले निर्दिष्ट मितिमा कुनै आधिकारिक ड्रोन सञ्चालन नगरेको दाबी गर्दै आरोप अस्वीकार गरेको छ। यद्यपि, सीमावर्ती क्षेत्रबाट ड्रोन उडाएको आशंकामा तीन जना सर्वसाधारणमाथि अनुसन्धान भइरहेको कानुन कार्यान्वयन अधिकारीहरूले बताएका छन्।

किम यो जोङले चुङको अभिव्यक्तिले 'विवेकपूर्ण व्यवहार' देखाए पनि सरकारीस्तरको औपचारिक र पर्याप्त कदम नभएको टिप्पणी गरेकी छन्। उनले सियोलले यस्ता गतिविधि रोक्न कडा र ठोस उपाय अवलम्बन गर्नुपर्ने धारणा राखेकी छन्। 'उत्तर कोरियाको अपरिहार्य सार्वभौमिकता उल्लंघन गर्ने उक्साहट दोहोरिए त्यसले भयानक प्रतिक्रिया निम्त्याउने छ,' उनले चेतावनी दिइन्। विभिन्न प्रतिआक्रमण योजना तयार अवस्थामा रहेको र आवश्यक परे तीमध्ये कुनै एक लागू गरिने उनले स्पष्ट गरेकी छन्।

अन्तरकोरियाली मामिला हेर्ने दक्षिण कोरियाको एकीकरण मन्त्रालयले कथित ड्रोन उडान तनाव न्यूनीकरणको नीतिसँग मेल नखाने बताउँदै यस्ता घटना दोहोरिन नदिन आवश्यक कदम चालिने जनाएको छ।

विश्लेषकहरूका अनुसार फेब्रुअरीको अन्त्यतिर सत्तारूढ वर्कर्स पार्टीको सम्मेलन हुनुअघि उत्तर कोरियाले दक्षिण कोरिया विरोधी भावना चर्काउने प्रयास गरेको हुनसक्छ। सो सम्मेलनका क्रममा नेता किम जोङ उनले कोरियाली प्रायद्वीपमा 'दुई-राज्य' प्रणालीलाई संवैधानिक रूपमा थप्ने प्रस्ताव अघि सार्न सक्ने अनुमान गरिएको छ।

सन् २०१९ यता दुई कोरियाबीच कुनै सार्वजनिक वार्ता भएको छैन। पछिल्ला वर्षहरूमा आणविक कार्यक्रमलाई लिएर गहिरिँदै गएको गतिरोध र ड्रोनजस्ता घटनाले वैमनस्य झनै बढाएको छ। यस घटनाक्रमले लामो समयदेखि अवरुद्ध संवाद पुनः सुरु गर्ने प्रयासमा थप जटिलता ल्याउने आकलन गरिएको छ। *रासस/एपी*

# अस्ट्रेलियाका विश्वविद्यालयमा बढ्दो 'मनोसामाजिक' जोखिम: अध्ययन

**क्यानबेरा–** अस्ट्रेलियाको उच्च शिक्षा क्षेत्रमा कार्यरत कर्मचारीहरूको मानसिक स्वास्थ्य र 'मनोसामाजिक' सुरक्षामा गम्भीर समस्या देखिएको एक नयाँ प्रतिवेदनले जनाएको छ। एडेलेड विश्वविद्यालयले सार्वजनिक गरेको उक्त अध्ययनले सुरक्षा प्रणालीको कमजोरीका कारण उच्च र अत्यन्त उच्चस्तरको मनोसामाजिक जोखिम बढिरहेको उल्लेख गरेको छ।

अस्ट्रेलियन अनुसन्धान परिषद्को आर्थिक सहयोगमा गरिएको विश्वविद्यालय कर्मचारी कल्याणसम्बन्धी राष्ट्रिय सर्वेक्षणअनुसार कमजोर व्यवस्थापकीय सहयोग, कर्मचारीको हितलाई पर्याप्त प्राथमिकता नदिनु, सीमित संवाद र परामर्श प्रक्रिया तथा मनोसामाजिक जोखिमको पहिचान र व्यवस्थापनमा कमी हुनु प्रमुख कारणका रूपमा देखिएको छ।

अध्ययनमा सहभागी ८० प्रतिशतभन्दा बढी कर्मचारीहरूले आफूहरू अत्यधिक 'भावनात्मक' थकानमा रहेको बताएका छन्। मूल्यांकन गरिएका सबै ३६ विश्वविद्यालयमा अत्यन्त उच्च मनोसामाजिक सुरक्षा जोखिम भेटिएको छ, जुन सामान्य कार्यक्षेत्रको तुलनामा दोब्बरभन्दा बढी हो।

मनोसामाजिक सुरक्षा वातावरणको सूचकांकमा अग्रस्थानमा रहेका विश्वविद्यालयहरूमा चार्ल्स डार्विन विश्वविद्यालय, न्युभाउल्स वेल्स विश्वविद्यालय र क्वीन्सल्याण्ड विश्वविद्यालय रहेका छन्। मुख्य अनुसन्धानकर्ता प्राध्यापक मोरेन डलार्डले कर्मचारीहरूको मानसिक स्वास्थ्य सुरक्षाका लागि तत्काल प्रभावकारी कदम चाल्नुपर्ने आवश्यकता औंल्याएका छन्। उनले उत्पादनमुखी व्यवस्थापनभन्दा कर्मचारी कल्याणमुखी व्यवस्थापन पद्धति अपनाउनुपर्नेमा जोड दिए।

अस्ट्रेलियाको कार्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी कानुनअनुसार विश्वविद्यालयहरूले मनोसामाजिक जोखिमको रोकथाम र उचित व्यवस्थापन गर्नु अनिवार्य दायित्व हो। *रासस/सिन्ह्वा*


## सायल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**दुदिलेगडा,डोटी**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/११/०२**

सायल गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालयबाट प्रकाशित बोलपत्रको सूचना बमोजिम यस कार्यालयमा E-Bidding मार्फत समय सीमा भित्र रितपुर्बक दर्ता हुन् आएका बोलापत्रहरूको नियमानुसार बोलपत्र मुल्यांकन समितिबाट मुल्यांकन गरि न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभाबग्राही भएको हुँदा यस कार्यालयको निर्णयनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशील:**

| क्र. स. | ठेक्का न. | कामको विवरण | छनोट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबुल अंक (मु.अ.कर र पी.एस समेत) |
|---|---|---|---|---|
| १ | SRM/NCB/CW/2082-83/WS/02 | Construction of Magarau Khalla Dallekh Raukalla Water Supply Project | श्री नर्याल कन्स्ट्रक्सन एण्ड सप्लायर्स दि. सी. न. पा-०४, डोटी | १,२३,९७,०४३.९२/- |

**प्रमुख प्रशासकीय अधिकृत**



**Sudur Paschim Province Government**
**Ministry of Industry, Tourism, Forestry and Environment**
## Provincial Tourism Development Program Implementation Unit (PTDPIU)
**Dhangadhi, Kailali**

### Invitation For Electronic Bids

**Date of First Publication:- 2082/11/01**

1. Provincial Tourism Development Program Implementation Unit (PTDPIU) invites electronic bids from Nepalese eligible bidders for the following work/supply under National Competitive Bidding procedures.

| IFB No. | Name of Project | Bid Security Amount (NRs.) | Estimated Amount (with out VAT,PS and Contingencies) | Cost of Bidding Document (NRs.) | Bid Validity (Days) 90 |
|---|---|---|---|---|---|
| PTDPIU/WORK/NCB/082/2083-21 | construction of Siunane Madu Bogtan phudsil rural muncipality-07 doti | 1,22,000 | 4097,627.63 | 3000 | 90 |
| PTDPIU/W/NCB/082/083-22 | construction of Nagmalla Kalin Histrocial Durga Mandau Temple Nirman :Dipyal Silgadi munciplaity-03 Doti | 1,40,000 | 42755480.02 | 3000 | 90 |
| PTDPIU/W/NCB/082/083-23 | Lamitaal Parishar Chhetra ma Prayatakiya Bistar Godawari-02, Kailali | 75,000 | 25,43,977.92 | 3000 | 90 |

2 Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Provincial Tourism Development Program Implementation Unit (PTDPIU) or may & PPMO's website www.bolpatra.gov.np.

**Unit Chief**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ३०३५०० | प्रति तोला - ० | प्रति तोला - ५००० |



**चेलबाङ गाउँ र तोरीबारी** | बागलुङको निसीखोला गाउँपालिका-६ स्थित चेलबाङ गाउँको खेतबारीमा फुलेको तोरी र खेतीका लागि राखिएका मलको थुप्रो । मध्यपहाडी लोकमार्ग छेउमा रहेको यो गाउँ विस्तारै विकासले जोडिँदैछ । *तस्बिर : डम्मर बुढामगर/रासस*

# ‘मुनाफा फिर्ता लैजाने वातावरण निर्माण गर्न आवश्यक’

■ प्रभाव संवाददाता

**विराटनगर–** कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले गैरआवासीय नेपाली (एनआरएन) र विश्वभर छरिएका नेपालीभाषीलाई स्वदेशमा सहज रूपमा लगानी गर्ने र आर्जन गरेको रकम फिर्ता लैजाने कानुनी वातावरण निर्माण गर्नुपर्नेमा जोड दिएका छन् ।

प्रदेश सरकारले आयोजनामा गत वैशाखमा सम्पन्न लगानी सम्मेलनको उपलब्धि र प्रक्रियागत पक्षबारे विराटनगरमा आयोजित सरोकारवाला निकायसँग छलफल कार्यक्रममा उनले यस्तो बताएका हुन् । नेपाललाई आफ्नो मातृभूमि वा पितृभूमि मान्ने ठूलो जनशक्ति विदेशमा रहेको बताउँदै उनले उनीहरूलाई नेपालमा आउने-जाने, लगानी गर्ने र आर्जन गरेको रकम लैजाने प्रक्रियालाई प्रशासनिक झन्झटमुक्त बनाउनुपर्ने बताए ।

नीतिहरू स्पष्ट भए पनि प्रशासनिक ढिलासुस्ती र कानुनी जटिलताका कारण लगानीकर्ता निरुत्साहित भइरहेको भन्दै मुख्यमन्त्री कार्कीले आवश्यकता परे सात दिनभित्र अध्यादेश ल्याएर भए सुधार गर्ने प्रतिबद्धता व्यक्त गरे । नीति उत्कृष्ट भए पनि कानुनमा रूपान्तरण गर्दा व्यावहारिक समस्या देखिएको उल्लेख गर्दै मुख्यमन्त्री कार्कीले वन ऐन र संघीय संरचनाका कतिपय प्रावधानले विकासमा अवरोध सिर्जना गरेको बताए ।

कर्मचारीतन्त्रमा फाइल अड्किने



नीति उत्कृष्ट भए पनि कानुनमा रूपान्तरण गर्दा व्यावहारिक समस्या देखिएको उल्लेख गर्दै मुख्यमन्त्री कार्कीले वन ऐन र संघीय संरचनाका कतिपय प्रावधानले विकासमा अवरोध सिर्जना गरेको बताए ।

■ **हिक्मतकुमार कार्की**
मुख्यमन्त्री, कोशी प्रदेश

प्रवृत्तिको अन्त्य हुनुपर्नेमा जोड दिँदै उनले आवश्यकता परे सरकारले सात दिनभित्र अध्यादेशमार्फत भए पनि लगानीमैत्री कानुन बनाउन तयार हुनुपर्ने धारणा राखे । स्थानीय उत्पादनको प्रवर्द्धन र निर्यातको सम्भावनाका बारेमा चर्चा गर्दै मुख्यमन्त्री कार्कीले कोदोको रक्सीलाई ब्राण्डिङ गरी अन्तरराष्ट्रिय बजारमा लैजानुपर्ने बताए । इन्धन आयात घटाउन र वैदेशिक मुद्रा बचत गर्न इथानोल उत्पादनलाई सरकारले प्राथमिकतामा राखेको जानकारी दिँदै उनले उदयपुरमा यस्ता उद्योग स्थापनाको प्रक्रिया अघि बढेको बताए ।

प्रदेशमा रहेका ५१ वटा ठूला लगानीका परियोजनामध्ये ५० वटामा प्रगति भइरहेको र लगानीकर्ताहरूसँग प्रत्येक तीन महिनामा प्रत्यक्ष संवाद गर्ने कार्यतालिका बनाइने उनले जानकारी दिए । देशको न्यून जनसंख्या वृद्धिदर र तीव्र बसाइँसराइप्रति चिन्ता व्यक्त गर्दै उनले पहाडी क्षेत्रलाई खाली हुन नदिन त्यहाँ उद्योग र पूर्वाधार विकास गरी रोजगारी सिर्जना गर्नुपर्ने आवश्यकता औंल्याए ।

नेपालको भू-राजनीतिक अवस्थितिलाई अवसरका रूपमा उपयोग गर्दै भारत र चीनका पर्यटक भित्र्याउने ठोस योजना बनाउनुपर्नेमा उनको जोड थियो । आगामी पाँच वर्षभित्र सडक, हवाई मार्ग र प्रशासनिक प्रक्रियामा सुधार गरी वार्षिक करोडौं पर्यटक नेपाल भित्र्याएर मुलुकलाई आर्थिक रूपमा सबल बनाउन सकिने विश्वास मुख्यमन्त्री कार्कीले व्यक्त गरे ।

विराटनगरमा गत वैशाख १८ र १९ गते ‘नेपालमा प्रादेशिक तहको पहिलो लगानी सम्मेलन’ सम्पन्न भएको थियो । ‘प्रदेश समृद्धिको आधारः उद्योग, कृषि, पर्यटन, ऊर्जा र पूर्वाधार’ भन्ने मूल नाराका साथ आयोजना गरिएको उक्त सम्मेलनमा ७१ वटा गौरवका आयोजनाहरू लगानीका लागि प्रस्तुत (सोकेस) गरिएको थियो ।

सम्मेलनका क्रममा ५१ वटा परियोजनाका लागि कूल रु एक खर्ब ५७ अर्ब ३८ करोड बराबरको लगानी प्रतिबद्धता (समझदारी पत्रमा हस्ताक्षर) प्राप्त भएको छ । कार्यक्रममा सहभागी लगानीकर्ताहरूले आफ्नो परियोजनाको कार्यान्वयनको अवस्था र चुनौतीका विषयमा जानकारी गराएका थिए ।

# मन्त्रीहरूले सम्पत्ति विवरण सार्वजनिक गर्नु राम्रो हो : अर्थमन्त्री खनाल

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री रामेश्वर खनालले मन्त्रीहरूले बुझाएको सम्पत्ति विवरण सार्वजनिक भए राम्रो हुने बताएका छन् । नेपाल पत्रकार महासङ्घ र राष्ट्रिय सूचना आयोगको सयुक्त रूपमा आयोजना गरेको ‘मिडियामा सूचनाको हकको प्रयोगः अभ्यास र चुनौती’ विषयक अन्तरक्रियामा उनले बुझाएका सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्नेमा जोड दिए । ‘मन्त्रीहरूको सम्पत्ति विवरण लिने तर सार्वजनिक नगर्ने अभ्यास रैछ, तर सार्वजनिक गर्दा राम्रो हुन्छ’, उनले भने, ‘मन्त्रिपरिषद्का निर्णयहरू सबै सार्वजनिक गर्ने गरेका छौं ।’

सबैलाई समान अवसर प्राप्त हुनुपर्ने र पारदर्शी पनि हुनुपर्ने उल्लेख गर्दै उनले मुलुकको अर्थतन्त्र सही ढंगले अगाडि बढाउन पनि सही सूचनाको जरुरी हुने स्पष्ट पारे । सूचनाको हक पत्रकारका लागि मात्र नभएर सबैका लागि भएको उल्लेख गर्दै मन्त्री खनालले थपे, ‘पत्रकारले भन्दा पनि गैरपत्रकारले सूचनाको हक प्रयोग गरी सूचना लिएर दुरूपयोग गरेकासमेत पाइएको छ, सही सूचना नागरिकमा पुऱ्याउनसके मात्र नागरिक सूसुचित हुन्छन् ।’

अर्थमन्त्री खनालले मुलुकको अर्थतन्त्र सही ढंगले चल्न सही सूचना जरुरी हुने र व्यवसाय र आर्थिक काम गर्दा समान अधिकार दिन सूचना सार्वजनिक अनिवार्य भएको बताए । प्रेस काउन्सिल नेपालका अध्यक्ष डा कुमार आचार्यले सूचनाको हक कार्यान्वयनका लागि काउन्सिलले निरन्तर काम गरिरहेको र यस विषयमा थप सरोकारवालाबीच छलफल गरेर अगाडि बढ्न सकिने बताए ।

प्रमुख सूचना आयुक्त डा सुरेश आचार्यले सूचना माग्दा नपाएका विषय मात्रै पुनरावलोकनका लागि आयोगमा आउने गरेको र आयोगले संविधानसँग बाँझिएका सूचनाको हकसम्बन्धी कानुनको संशोधन गर्ने काम गरिरहेको जानकारी दिए । उनले सूचनाका हकको प्रयोग गरेर सूचना माग्ने र त्यसको दुरूपयोग गर्ने परिपाटी देखिएको भनाइ राखे ।

नेपाल पत्रकार महासंघका अध्यक्ष निर्मला आचार्यले सूचनाको हकको प्रयोगको अवस्था, सही रूपमा प्रयोग भइरहेको वा नभएको सबैलाई जानकारी लिने, गलत र मिथ्या सूचनालाई न्यूनीकरण गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको जानकारी दिए । सार्वजनिक सेवा प्रसारण नेपालका अध्यक्ष डा महेन्द्र विष्टले दिन नखोजेका सूचना माग्ने र नमागीकन सूचना सार्वजनिक गरेमा पारदर्शिता प्रवर्द्धन सहयोग पुग्ने र गलत सूचना प्रवाहमा रोकिने बताए ।

नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष तारानाथ दाहालले ८० प्रतिशत सूचना स्वतन्त्र खुला रूपमा पाउनुपर्ने र २० प्रतिशत लुकाउन खोजिएका सूचना मात्र माग्नुपर्नेमा जोड दिँदै पत्रकारले लुकाएका सूचना खोजेर नागरिकलाई सूसुचित गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा वरिष्ठ पत्रकार एकराज पाठकले ‘सूचनाको हक, मिडिया र अभ्यास’ विषयमा कार्यपत्र प्रस्तुत गर्दै सूचना गोप्य राख्ने संस्कृति हुँदाहुँदै पनि सूचना माग्ने अभ्यास बढ्दै गएको बताउनुभयो । प्रस्तुतीमा सूचना माग्ने अभ्यास न्यून भएको, जनता जनगाउन नसकिएको, अनियमितता खोल्न नसकेको, भ्रष्टाचारविरुद्धको औजार बन्न नसकेको, यति तथ्याङ्क राख्ने व्यवस्था नभएको र तथ्यमा आधारित खोज पत्रकारिता पनि पर्याप्त नभएको उल्लेख गरे ।

कार्यपत्रमा सूचनाको हकको प्रयोगका अवस्थालाई हेर्दा पुनरावेदनमा आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहमा ४२ दशमलव २१ प्रतिशत, शिक्षा, स्वास्थ्य तथा खेलकुदमा २१ दशमलव १० प्रतिशत, प्रशासनमा १५ दशमलव २० प्रतिशत रहेको र बैंक तथा वित्तीय संस्थामा ७ दशमलव ७३ प्रतिशत परेको छ ।

# भरतपुरबाट जहाजले इन्धन भर्ने व्यवस्था

**चितवन (प्रस)–** भरतपुर विमानस्थलबाट काठमाडौं र पोखरा उडान गर्ने जहाजले आगामी साताबाट यहाँ इन्धन भर्न पाउने भएका छन् । नेपाल आयल निगमले यही फागुन ६ गतेबाट यहाँ इन्धन भर्न मिल्ने गरी तयारी अघि बढाएको हो ।

निगमका प्रवक्ता उपनिर्देशक मनोजकुमार ठाकुरले नागरिक उड्डयन प्राधिकरणसँग सम्झौता गरी काम अघि बढाइएको बताए ।

उनले भने, ‘यही फागुन ६ गतेबाट रिफिलिङ् गर्ने गरी काम भइरहेको छ । डिपो स्टेशन स्थापनाका लागि दुई थान रिफ्युलर र एक थान मोबाइल डिस्पेन्सरको व्यवस्था गरिएको छ । दिगो रूपमा काम गर्न भने छ महिनादेखि एक वर्ष लाग्ने छ ।’

जमिनमुनि वा माथि ट्याङ्की राखेर काम गर्नका लागि समय लाग्ने भए पनि तत्काल इन्धन जहाजमा भर्ने व्यवस्था मिलाउन समय नलाग्ने उनले बताए । निगमले यहाँ ३० किलोलिटर इन्धन भण्डारण र व्यवस्थापनका लागि रु चारदेखि पाँच करोड खर्च हुने जनाएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भूलले प्राधिकरणसँग जग्गा सम्झौता भएको र बाँकी सबै काम निगमले गर्ने बताए । यस कार्यबाट त्यस क्षेत्रमा उडान भर्ने जहाज लाभान्वित हुने बताए ।

बुद्ध एयरले भरतपुरबाट काठमाडौं र पोखरा गरी दैनिक सात वटा जहाज उडान भर्दै आएको छ । दुईवटा ४७ सिटका र पाँचवटा ७२ सिटका जहाजले यहाँबाट उडान भरिरहेका बुद्ध एयर भरतपुरका स्टेशन म्यानेजर भक्तबहादुर बस्नेतले जानकारी दिए । यहाँ तेल भर्ने व्यवस्था भए काठमाडौंबाट यहाँ आउने जहाजमा थप दुई जना यात्रु ल्याउन सकिने उनको भनाइ छ ।

बुद्ध एयरको ७२ सिटको जहाजले काठमाडौंबाट आउँदा हाल ७० जना बोक्ने गरेको छ भने गर्मीयाममा ६० जना बोक्नुपर्ने बाध्यता छ । बस्नेतका अनुसार यहाँबाट उड्दा भने हाल ५५ जना र गर्मीयाममा ४० जना बोक्ने गरिएको छ ।

यस्तै, ४७ सिटको जहाजले हाल काठमाडौंबाट आउँदा ४५ जना र फर्कदाँ ४३ जना लिएर जाने गरेको छ । गर्मीयाममा काठमाडौंबाट आउँदा ३५ जना र यहाँबाट जाँदा ३३ जना हाराहारी यात्रु बोकेर जाने गरेको छ ।

# माघ मसान्तसम्म ४० प्रतिशत बजेट खर्च

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८२/८३ को सात महिनामा सरकारको आम्दानी र खर्च दुवै कमजोर देखिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार यो अवधिमा सरकारको आम्दानी वार्षिक लक्ष्यको ४४ र खर्च ४० प्रतिशतमा खुम्चिएको छ ।

चालु आवका लागि कूल रू १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट विनियोजन गरिएकोमा माघ मसान्तसम्ममा रू आठ खर्ब एक अर्ब ३७ करोड ४९ लाख खर्च भएको छ । यस वार्षिक विनियोजनको ४० दशमलव ८ प्रतिशत बराबर हो ।




चालुगत शीर्षकमा यस वर्ष रू ११ खर्ब ८० अर्ब ९८ करोड विनियोजन भएकामा ४७ दशमलव ६२ प्रतिशत अर्थात् रू पाँच खर्ब ६२ अर्ब ३७ करोड १५ लाख बराबर खर्च भएको छ ।

त्यस्तै, पुंजीगत शीर्षकमा रू चार खर्ब सात अर्ब ८८ करोड ८० लाख विनियोजन भएकामा १५ दशमलव ६२ प्रतिशत अर्थात् रू ६३ अर्ब ७२ करोड ९९ लाख खर्च भएको छ । वित्तीय व्यवस्था शीर्षकको माघ मसान्तसम्मको खर्च ४६ दशमलव ७१ प्रतिशत छ । यो शीर्षकमा रू तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख विनियोजन भएकोमा रू एक खर्ब ७५ अर्ब २७ करोड ३५ लाख खर्च भएको छ ।

यस आवका लागि सरकारले रू १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख बराबर राजस्व उठाउने लक्ष्य राखेकोमा माघ मसान्तसम्ममा ४४ दशमलव ४९ प्रतिशत प्रगति भएको छ । हालसम्ममा रू छ खर्ब ८२ अर्ब १६ करोड ७३ लाख बराबर राजस्व उठेको छ । कर राजस्वतर्फ वार्षिक लक्ष्यको ४५ दशमलव २१ प्रतिशत अर्थात् रू पाँच खर्ब ९९ अर्ब ३१ करोड ४६ लाख र गैरकर राजस्वतर्फ वार्षिक लक्ष्यको ४२ दशमलव ५५ अर्थात् रू ६५ अर्ब ७१ करोड तीन लाख बराबर असुली भएको छ ।

चालु आवमा रू ५३ अर्ब ४४ करोड ६९ लाख बराबरको वैदेशिक अनुदान लिने सरकारी लक्ष्य थियो । माघ मसान्तसम्ममा रू १२ अर्ब ८३ करोड ७९ लाख बराबर अर्थात् वार्षिक लक्ष्यको २४ दशमलव ०२ प्रतिशत प्राप्त भएको कार्यालयले जनाएको छ ।

# टेलिकमको आम्दानी बढ्यो, नाफा घट्यो

**काठमाडौं (प्रस)–** नेपाल टेलिकमले चालू आ.व २०८२/८३ को दोस्रो त्रैमासिक वित्तीय विवरण सार्वजनिक गरेको छ । कम्पनीले सार्वजनिक गरेको अपरिष्कृत वित्तीय विवरण अनुसार सञ्चालन आयमा सामान्य वृद्धि भए पनि खुद मुनाफामा भने गिरावट देखिएको छ । दोस्रो त्रैमाससम्म कम्पनीको कुल सञ्चालन आय १७ अर्ब २९ करोड ९७ लाख ३० हजार रूपैयाँ पुगेको छ । यो गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.७३ प्रतिशत (२९ करोड ४८ लाख रूपैयाँ) ले बढी हो । यद्यपि, कम्पनीको कुल आम्दानीमा भने १.५ प्रतिशतले कमी आई १९ अर्ब २२ करोड ७२ लाख ६६ हजार रूपैयाँ कायम भएको टेलिकमले जनाएको छ ।

कम्पनीको खुद मुनाफा गत वर्षको तुलनामा १२.९८ प्रतिशतले घटेको छ । गत वर्ष दोस्रो त्रैमाससम्म ४ अर्ब ७८ करोड ५९ लाख रूपैयाँ खुद नाफा कमाएको टेलिकमले यस वर्षको सोही अवधिमा ४ अर्ब १६ करोड ४५ लाख ९ हजार रूपैयाँ मात्र नाफा आर्जन गरेको छ ।

त्यसैगरी, कर अघिको मुनाफा पनि ४.५९ प्रतिशतले घटेर ५ अर्ब ९१ करोड ४३ लाख रूपैयाँमा सीमित भएको छ । कम्पनीको प्रतिसेयर आम्दानी (वार्षिकीकरण) ४६ रूपैयाँ २७ पैसा रहेको छ । कम्पनीले मुनाफा घट्नुमा विभिन्न बाह्य र आन्तरिक कारण जिम्मेवार ठहऱ्याएको छ ।

जसमा ह्वाट्सएप, भाइबर जस्ता ओटीटी सेवाहरूको बढ्दो प्रयोगले अन्तर्राष्ट्रिय आगमन कलमा कमी, बजारमा ब्याजदर क्रमिक रूपमा घट्नु र लगानीको मूल्य परिवर्तन कर्मचारी खर्चमा वृद्धि, कर र अन्य खर्चजस्ता कारण देखाइएको छ । प्रतिकूल परिस्थिति बाबजुद राष्ट्रको सञ्चार सेवा प्रदायकको नाताले दुर्गम क्षेत्रमा सेवा विस्तार र गुणस्तर सुधारलाई निरन्तरता दिने टेलिकमले प्रतिबद्धता जनाएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ